भ्रष्टाचारको जालो तोड्दै नयाँ राजनीतिक यात्रातर्फ नेपाल

राजेश महर्जन

(२)

सिटी डेन्टल

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ।

यसको शाखा मधुमल्लामा पनि खुलेको छ।

दमक-६, झापा
फाल्गुनन्द चौक
फोन: ०२३-५७५४०९

जि.प्र.का.झापा द.नं.६१ ०५७/०५८

सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता

राष्ट्रिय दैनिक

पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com

Login

ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त

झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

दमक :
देवीप्रसाद सिटौला
(९८४२७६०२६५/९८२४९७९१८५)

बिर्तामोड:
राजकुमार श्रेष्ठ
९८०६०१०४१०

वर्ष-२१ | अंक - २६० | २०८३ असोज २४ गते शनिबार | Saturday, 10 Oct. 2026 | मूल्य ७/-

कृत्रिम अभाव र कालोबजारी विरुद्ध सरकार निर्मम

चाडपर्वमा सहज आपूर्ति सुनिश्चित गर्ने सरकारको निर्णय

पूर्वसन्देश समाचार

दमक/ चाडपर्वको समयमा कृत्रिम अभाव, कालोबजारी गर्नेलाई सरकारले ठाडो कारवाही गर्ने भएको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा शुक्रवार आयोजित साप्ताहिक प्रेस ब्रिफिङमार्फत सरकारले चाडपर्वको समयमा कृत्रिम अभाव, कालोबजारी, जम्माखोरी र अस्वाभाविक मूल्यवृद्धि नियन्त्रणका लागि संघ, प्रदेश र स्थानीय तहबीच समन्वय गरी बजार अनुगमनलाई सघन बनाउने र कालोबजारी गरी ठगी गरिएको भेटिए कडा कारवाही गर्ने जनाएको हो ।

आगामी चाडपर्व र विपद्पश्चात्को अवस्थामा आपूर्ति शृंखलामा पर्न सक्ने सम्भावित दबाबलाई दृष्टिगत गर्दै सरकारले अत्यावश्यक वस्तुको सहज आपूर्ति सुनिश्चित गर्ने निर्णय गरेको छ ।

केन्द्रीय अनुगमन तथा मूल्यांकन समितिको ७५औँ बैठकका निर्णय सार्वजनिक गर्दै सरकारले चाडपर्वमा हुने अत्यधिक भीडभाडलाई मध्यनजर गर्दै शान्ति सुरक्षा, सार्वजनिक यातायातको सुगम व्यवस्थापन र जोखिमयुक्त क्षेत्रमा विशेष निगरानी राख्ने निर्णय गरेको छ । साथै, स्वास्थ्य, खानेपानी, विद्युत् र सरसफाइ जस्ता अत्यावश्यक सेवाहरु चाडपर्वका समयमा समेत निरन्तर सुचारू राख्न निर्देशन दिइएको छ ।

बैठकले मन्त्रिपरिषद्को असोज २१ गतेको निर्णयअनुसार भूमि, विपद् र वनसम्बन्धी कानुन संशोधनका लागि तीनवटा अध्यादेश जारी गर्न राष्ट्रपतिसमक्ष सिफारिस गरिएको छ । जसमा 'भूमिसम्बन्धी केही नेपाल ऐन संशोधन गर्न बनेको अध्यादेश, २०८३', 'विपद् सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश, २०८४' र 'वनसम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने अध्यादेश, २०८३' रहेका छन् ।

हेलो सरकारमा गुनासो व्यवस्थापन र अनुगमन

नागरिकका गुनासो सम्बोधनका लागि सञ्चालनमा रहेको 'हेलो सरकार' मा यस साता १,७६७ वटा गुनासो प्राप्त भएका छन् । जसमध्ये श्रमिकको ज्याला तथा दसैं भत्ता भुक्तानी, ग्यास अभाव, सवारी भाडा वृद्धि र बजारमा बिलबिजक जारी नभएका विषयहरु प्रमुख रूपमा रहेका छन् । यसैगरी, राष्ट्रिय सतर्कता केन्द्रले विभिन्न कार्यालयहरूमा गरेको अनुगमनका क्रममा समय पालना नगर्ने र तोकिएको पोसाक नलगाउने १,१६७ जना कर्मचारीलाई नियमानुसार कारबाही गर्न सम्बन्धित निकायलाई निर्देशन दिएको छ ।

उद्धार कोषमा १७ अर्ब ३० करोड बढी

दमक/ सरकारले लगानीसम्बन्धी सरकारी सेवालाई सरल, पारदर्शी बनाउन आवश्यक कार्यविधि छिटै तर्जुमा गर्ने भएको छ ।

शुक्रबार प्रधानमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयको नियमित पत्रकार सम्मेलनमा कार्यालयका प्रवक्ता सहसचिव हेमराज अर्यालले स्वदेशी तथा विदेशी लगानीको प्रवर्द्धन र सहजीकरण गर्दै लगानीसम्बन्धी सरकारी सेवालाई सरल, पारदर्शी, पूर्वानुमानयोग्य, समयबद्ध, जबाफदेही तथा प्रविधिमैत्री बनाउनका लागि राष्ट्रिय एक्सप्रेस लगानी प्रणाली (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८३ को मस्यौदा तयार भइरहेको जानकारी दिएका हुन् ।

त्यस्तै उनले हालसम्म प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा १७ अर्ब ३० करोड ३ लाख ७३ हजार ३५ रुपैंया जम्मा भएको र उक्त कोषबाट १ अर्ब रूपैयाँ राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणअन्तर्गतको विपद् व्यवस्थापन कोषमा निकासा गरिएको छ ।

प्रवक्ता अर्यालले केन्द्रीय अनुगमन तथा मूल्यांकन समितिले कृत्रिम अभाव, कालोबजारी, जम्माखोरी, अस्वाभाविक मूल्यवृद्धि तथा आपूर्ति अवरोध हुन नदिन संघ, प्रदेश र स्थानीय तहका सम्बन्धित निकायबीच प्रभावकारी समन्वय गरी नियमित तथा आकस्मिक बजार अनुगमनलाई सघन बनाउने निर्णय गरेको जानकारी दिए ।

कोशीमा चाडपर्व लक्षित सुरक्षामा कडाइँ गरिंदै

८ हजार बढी प्रहरी परिचालन

दमक/ दसैं-तिहारमा हुन सक्ने चोरी, लुटपाट, ठगी र सवारी दुर्घटना नियन्त्रण गर्न कोशी प्रदेशमा ८ हजार १३३ प्रहरी परिचालन गरिएको छ । चाडपर्वका बेला बढ्ने आवागमन र भिडभाडलाई लक्षित गर्दै प्रहरीले ७२ स्थानमा यात्रु सहायता कक्ष, ४५३ क्विक रेस्पोन्स टिम र १५ स्ट्राइकिङ टोली परिचालन गर्ने व्यवस्था मिलाएको छ ।

प्रदेशका १४ वटै जिल्लामा एकैसाथ लागू गरिएको सुरक्षा योजनालाई प्रभावकारी बनाउन प्रहरीको सक्रिय परिचालन, सुरक्षा निकायबीच समन्वय र नागरिकको सहयोग आवश्यक रहेको खनालले बताए। प्रहरीले यी उपायमार्फत चाडपर्वलाई सुरक्षित, मर्यादित र भयरहित बनाउने लक्ष्य राखेको छ ।

कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरले चाडपर्व सुरक्षा कार्ययोजना, २०८३ लागू गर्दै प्रदेशका १४ वटै जिल्लामा सुरक्षा व्यवस्था कडा पारेको हो । बजार, सार्वजनिक बाँकी ४ पेजमा

जनजागरणदेखि महाधिवेशनसम्म नेकपाका सात एजेन्डा

दमक/ नेपाली कम्युनिस्ट पार्टी (नेकपा) केन्द्रीय कार्य संयोजन समितिको बैठक सुरू भएको छ । शुक्रबारदेखि सुरू भएको बैठकमा जनजागरण अभियानदेखि महाधिवेशनसम्मका विषयमा छलफल हुने गरी सातवटा एजेन्डा पारित गरिएको छ ।

केन्द्रीय कार्यालय पेरिसडाँडामा जारी बैठकले समसामयिक राजनीतिक परिस्थिति र पार्टीको आगामी कार्यदिशाबारे गहन छलफल गर्न कार्यसूची तय गरेको पार्टीका प्रवक्ता प्रकाश ज्वालाले जानकारी दिए ।

बैठकले पारित गरेका एजेन्डाअनुसार समसामयिक राष्ट्रिय राजनीति तथा पार्टीको दायित्वका साथै जन जागरण तथा सङ्गठन सुदृढीकरण अभियान सञ्चालनबारे विस्तृत छलफल हुनेछ । त्यसैगरी, पार्टीको महाधिवेशन तथा बाँकी ४ पेजमा

स्कुल बस दुर्घटनामा ५ जनाको मृत्यु, १४ घाइते

दमक/ शुक्रवार कास्कीको पोखरा महानगरपालिका-२८ कालिकास्थित ओख्लेको भीरमा कालिका इङ्लिस बोर्डिङ स्कुलको ग.२ ख. १४१७ नम्बरको बस सडकबाट करिब २०० मिटर तल खस्दा दुर्घटना भएको छ ।

बसमा सवार १९ जनाकै उद्धार गरी अस्पताल पठाइएकोमा उपचारका क्रममा ४ जना बालबालिकासहित ५ जनाको मृत्यु भएको छ भने १४ जना घाइते भएका छन् । घाइतेमध्ये ३ जनाको गण्डकी मेडिकल कलेज र ११ जनाको पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानअन्तर्गत गण्डकी अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ ।

हुलाकलाई "सरकारी कुरियर सेवा"

दमक/ सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिनाले हुलाक सेवालाई आधुनिक, प्रभावकारी र नागरिकमैत्री बनाउँदै 'सरकारी कुरियर सेवा' का रूपमा विकास गर्ने सरकारको योजना प्रभावकारी रूपमा कार्यान्वयन हुँदै गएको बताएका छन् ।

हुलाक सेवा विभागद्वारा १५२औँ विश्व हुलाक दिवसका अवसरमा आयोजित फिलाटेलिक प्रदर्शनी कार्यक्रममा उनले बदलिँदो समय र नागरिकको आवश्यकताअनुसार हुलाक सेवालाई पुनर्संरचना गरी आमनागरिकको पहुँचमा पुऱ्याउन सरकार प्रतिबद्ध रहेकोबारे जोड दिए ।

संसद् सचिवालयका ७ जना कर्मचारीको राजीनामा

दमक/ संघीय संसद् सचिवालयका ७ जना कर्मचारीहरूले राजीनामा दिएका छन् । सरकारले ५५ वर्ष उमेर पूरा भएको र ३० वर्ष सेवाअवधि भएका कर्मचारीलाई अनिवार्य अवकाशमा पठाउने गरी निजामती ऐन संशोधनसम्बन्धी अध्यादेश ल्याउन लागेपछि संसद् सचिवालयका कर्मचारीहरूले समेत राजीनामा दिएका हुन् । असोज १६ गतेयता राजीनामा दिने कर्मचारीहरूको संख्या ७ पुगेको संसद् सचिवालय स्रोतले जनाएको छ ।

३२ जना कर्मचारीको सरूवा

दमक/ गृह मन्त्रालयले प्रमुख जिल्ला अधिकारी (सिडिओ)सहित ३२ जना कर्मचारीको सरूवा गरेको छ । सरूवासँगै विभिन्न जिल्ला तथा मन्त्रालयअन्तर्गतका कार्यालयमा कार्यरत कर्मचारीहरूको जिम्मेवारी हेरफेर भएको छ ।

मन्त्रालयको निर्णयअनुसार सरूवा भएका कर्मचारीहरूलाई नयाँ जिम्मेवारीमा खटाइनेछ । सरूवाबाट जिल्ला प्रशासन कार्यालयसहित गृह मन्त्रालयअन्तर्गतका निकायको कर्मचारी व्यवस्थापनमा फेरबदल हुने भएको छ ।

जुनसुकै सिलिन्डर नि:शुल्क साट्न पाईने

दमक/ बजारमा उपभोक्ताले जुनसुकै कम्पनीका ग्यास सिलिन्डर साट्न पाइने भएको छ । दशैंमा खाना पकाउने एलपी ग्यासको आपूर्ति सुनिश्चित गर्न जुनसुकै कम्पनीका ग्यास सिलिन्डर साट्ने व्यवस्था गरिएको हो ।

घटस्थापनादेखि फूलपातीसम्म उपभोक्ताले ग्यास सलिन्डरसाट्न सक्ने नेपाल एलपी ग्यास उद्योग संघले जनाएको छ ।

घटस्थापनादेखि फूलपातीसम्म उपत्यकाका ६ स्थानबाट उपभोक्ताले आफूसँग भएको सिलिन्डर अन्य ब्रान्डको सिलिन्डरसँग नि:शुल्क रूपमा साटेर तोकिएको मूल्यमा भरिएका सिलिन्डर पाउन सक्नेछन् ।

प्रमुख प्रशासकीय अधिकृतसहित ६ जनाविरूद्ध भ्रष्टाचार मुद्दा

दमक/ सुनसरीको रामधुनी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत तेजनारायण यादवसहित ६ जनाविरूद्ध भ्रष्टाचार मुद्दा दायर भएको छ । अख्तियार दुरूपयोग अनुसन्धान आयोगले रून्देहीस्थित यातायात व्यवस्था कार्यालयमा सवारी चालक अनुमतिपत्र वितरण गर्दा अनियमितता गरेको आरोपमा उनीहरूविरूद्ध विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरेको हो ।

यादव रून्देहीस्थित यातायात व्यवस्था कार्यालयमा कार्यरत रहँदा कार्यालय प्रमुख थिए । अख्तियारका अनुसार उनले अन्य प्रतिवादीसँग मिलेमतो गरी लिखित तथा प्रयोगात्मक परीक्षामा सहभागी नभएका र परीक्षामा अनुत्तीर्ण भएका व्यक्तिलाई समेत उत्तीर्ण भएको देखाएर सवारी चालक अनुमतिपत्र जारी गराएको अनुसन्धानबाट खुलेको छ ।

आयोगका अनुसार वैदेशिक रोजगारीका सिलसिलामा जापान गएका एक व्यक्तिलाई नेपाल नफर्किएको अवस्थामा समेत लिखित र प्रयोगात्मक परीक्षामा उत्तीर्ण भएको देखाएर २०७८ कात्तिक १७ गते जे-१ वर्गको सवारी चालक अनुमतिपत्र जारी गरिएको थियो । ती व्यक्ति २०७७ मंसिर २५ गते जापान गएको र २०८३ भदौ ८ गतेसम्म नेपाल फर्किएको नदेखिएको आयोगले जनाएको छ । बाँकी ४ पेजमा

२१ किलो सुनसहित चिनियाँ नागरिक पक्राउ

दमक/ काठमाडौँको बूढानीलकण्ठ नगरपालिका वडा नं. २, माथिल्लो भंगालमा घर भाडामा लिएर सुनको अवैध ओसारपसार र कारोबार गर्ने तीन जना चिनियाँ नागरिकलाई प्रहरीले पक्राउ गरेको छ ।

प्रहरीले तीन जना चिनियाँ नागरिकलाई सार्वजनिक गरेको हो । पक्राउ पर्ने चिनियाँ नागरिकमा जियाङ्सु, ग्वाङडोङ स्थायी ठेगाना भई हाल बूढानीलकण्ठ बस्दै आएका २७ वर्षीय हान फेई, ४७ वर्षीय झोउ लोङकिन र ३७ वर्षीय वाङ जियानझेन रहेका छन् ।

उनीहरूको साथबाट अवैध सुन, नगद, ओसारपसारमा प्रयोग गरिएको गाडी, सुन प्रशोधनमा प्रयोग हुने मेसिन तथा उपकरणहरु र विभिन्न कागजातहरु बरामद गरेको छ ।

अदालतले बदर गरेको विज्ञापनमै कर्मचारी बढुवा सिफारिस

दमक/ कोशी प्रदेश सरकारले कर्मचारीको बढुवा सिफारिस गरेको पाइएको छ । उच्च अदालत विराटनगरले स्पष्ट परमादेश र उत्प्रेषणको आदेशलाई लत्याउँदै मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयस्थित बढुवा समितिको सचिवालयले बढुवा सिफारिस सूची सार्वजनिक गरेपछि प्रदेश प्रशासनभित्र विधिको शासन र न्यायिक सर्वोच्चतामाथि नै गम्भीर प्रश्न उठेको हो ।

प्रदेश लोक सेवा आयोग, कोशीले कर्मचारी बढुवाका लागि प्रकाशित गरेको सूचनामा प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा १३६ बमोजिम कुल दरबन्दीलाई आधार नमानिएको भन्दै शान्तिराम रिमाल, युवराज रेग्मी, तीर्थराज थापा, नित्यराज अर्याल, भुवन का ले, वासुदेव कुँवर र तारामणि निरौलाले उच्च अदालत विराटनगरमा रिट दायर गरेका थिए ।

उक्त रिटमाथि अन्तिम सुनुवाइ गर्दै उच्च अदालत विराटनगरका न्यायाधीशद्वय श्रीधरा कुमारी पुडासैनी र केशवप्रसाद बास्तोलाको संयुक्त इजलासले प्रदेश लोक सेवा आयोगबाट २०८१ असोज १० गते भएको निर्णय नेपालको संविधानको धारा १४४ बमोजिम उत्प्रेषणको आदेशद्वारा बदर बाँकी ४ पेजमा

डोको बुन्ने पेसाको संरक्षणमा जुटे भोजपुरबासी

भोजपुर / गाउँघरमा कृषि तथा घरायसी काममा प्रयोग हुने डोको पछिल्लो समय बजारमा पाइने आधुनिक सामग्रीका कारण निकै कम मात्रामा प्रयोग हुन थालेको छ । ग्रामीण क्षेत्रमा यसको आवश्यकता भने अझै रहेको स्थानीयवासीको भनाइ छ । ग्रामीण आवश्यकतालाई ध्यानमा राख्दै विष्टले स्थानीयस्तरमै पाइने बाँसको प्रयोग गरेर विभिन्न आकारमा डोको तयार पार्दै आएका छन् ।

भोजपुर नगरपालिका(५ का किसान कृतिमान विष्ट परम्परागत डोको बुन्ने पेसाको संरक्षणमा जुटेका छन् । खेतीपातीको कामबाट बचेको समय सदुपयोग गर्दै उनले पुर्स्तौंदेखि चलिआएको बाँसको चोयाबाट डोको बुन्ने सीपलाई निरन्तरता दिँदै आएका छन् ।

चोया तयार गर्ने, चोयालाई आवश्यक आकारमा मिलाउने र हातैले बुनेर डोको तयार गर्ने उहाँको नियमित काम हो । उनका अनुसार आकारका आधारमा एउटा डोको रू ३०० देखि ७०० सम्ममा बिक्री हुने गरेको छ । ठुलो आकारको डोको बनाउन पाँचदेखि छ घण्टासम्म समय लाग्ने उनले जानकारी दिए ।

कृषि कार्यमा प्रयोग हुने डोको, नाङ्लो, डालोलगायतका सामग्री ग्रामीण जीवनका अपरिहार्य साधन हुन् । खेतबारीबाट उत्पादित मकै, धान, कोदो, आलुलगायतका कृषि उपज ओसारपसार बाँकी ४ पेजमा

आरम्भ कम्प्युटर प्रा. लि.

ARAMBHA COMPUTER
Damak, Jhapa

दमक ६ भिसि मार्केट (मेनरोड)

के तपाई ल्यापटप कम्प्युटर प्रिन्ट सिसि टिभि फ्रिज वासिङ्ग मिसिन एसि किन्ने सोचमा हुनु हुन्छ वा बिगेर हौरान हुनुहुन्छ ?

समाधानको लागि हामीलाई सम्झनुहोस् !



हाम्रा सेवाहरू

ल्यापटप | कम्प्युटर | प्रिन्टर | CCTV | फ्रिज | वासिङ्ग मिसिन | ए.सी.

गुणस्तरीय सामान | द्रुत तथा भरपर्दो मर्मत सेवा | वारेन्टी सहितको सेवा | अनुभवी प्राविधिक द्वारा सेवा

सम्पर्क गर्नुहोस् आजै !

०२३-५७६२४६
९८५२६७६२४६

प्रविधिसम्बन्धी सम्पूर्ण समाधानका लागि आजै सम्पर्क गर्नुहोस्।

सम्पादकीय

दसैंको मुखमा बजार अनुगमन आवश्यक

दसैं नेपालीको महान् चाड हो । यो पर्व खुसी, उत्साह र पारिवारिक मिलनको अवसर मात्र होइन, बजारमा आर्थिक गतिविधि बढ्ने समय पनि हो । तर, दसैं नजिकिँदै गर्दा उपभोक्ताले सहज किनमेल गर्नुपर्ने बजारमै महँगी, कृत्रिम अभाव र आपूर्ति अन्यवस्थाको सामना गर्नुपर्नु विडम्बनापूर्ण छ । वर्षाका कारण बाढीपहिरोले सडक अवरुद्ध भएका छन्, ढुवानी प्रभावित भएको छ र सामान आपूर्तिमा कठिनाइ देखिएको छ । यही असहजतालाई बहाना बनाएर उपभोग्य वस्तुको अभाव सिर्जना गर्ने र मूल्य बढाउने प्रवृत्ति नियन्त्रण गर्नु अहिलेको प्रमुख आवश्यकता हो । पूर्वी नेपालका बजारमा दूध, घिउ, नौनी र धुलो दूधको अभावले समस्या थपिएको छ । एक महिनामै घिउको मूल्य प्रतिकिलो दुई सय रूपैयाँसम्म बढेको छ । पहिले प्रतिकिलो ७५० रूपैयाँमा बिक्री हुने नौनी अहिले ९५० देखि एक हजार रूपैयाँसम्म पुगेको छ भने घिउको मूल्य प्रतिकिलो १ हजार २५० देखि १ हजार ३०० रूपैयाँसम्म पुगेको छ । चाडपर्वमा मिठाई तथा परिकार बनाउन आवश्यक पर्ने यस्ता वस्तु महँगिनु र सहजै उपलब्ध नहुनुले सर्वसाधारणको भान्सामा सीधा असर पारेको छ ।

अभावको कारणबारे सरकारी र निजी क्षेत्रका धारणा फरक छन् । दुग्ध विकास संस्थानले दूध उत्पादनमा आएको चक्रीय गिरावटलाई कारण मानेको छ भने निजी डेरी व्यवसायीले भारतबाट हुने आयातमा आएको अवरोध र चाडपर्वमा बढेको मागलाई मुख्य कारण बताएका छन् । बाढीपहिरोका कारण पहाडी क्षेत्रको दूध तराईसम्म ल्याउन कठिन भएको र कतिपय ठाउँमा दूध खेर जाने अवस्था रहेको भनाइले आपूर्ति व्यवस्थापनको कमजोरी पनि उजागर गर्छ । अर्कोतर्फ, छुर्पी उद्योगमा दूधको बढ्दो खपतले डेरी उद्योगका लागि कच्चा पदार्थको उपलब्धतामा थप दबाब परेको देखिन्छ । कोशी प्रदेशमा गाईभैंसीको उल्लेख्य संख्या र दूध उत्पादन हुँदाहुँदै बजारमा अभाव देखिनु उत्पादन, संकलन, प्रशोधन र वितरणबीच प्रभावकारी समन्वय हुन नसकेको संकेत हो । समस्या उत्पादनमा मात्र सीमित छ कि वितरण प्रणाली र बजार व्यवस्थापनमा पनि छ भन्ने विषयमा सरकारले तथ्यमा आधारित अध्ययन गर्नुपर्छ ।

चाडपर्वको समयमा उपभोक्तालाई बजारको जिम्मा लगाएर सरकार उम्किन मिल्दैन । सम्बन्धित निकायले मौज्दात, उत्पादन लागत, ढुवानी खर्च र बिक्री मूल्यको अनुगमन गर्नुपर्छ । कृत्रिम अभाव र अनुचित मूल्यवृद्धि पुष्टि भए कानुनअनुसार कारबाही गर्नुपर्छ । तीन तहकै सरकारले अनुगमनलाई प्राथमिकता दिनुपर्दछ । साथै, अवरुद्ध सडक खुलाउने, दूध संकलन र ढुवानी सहज बनाउने तथा आवश्यक वस्तुको आपूर्ति नियमित गर्ने व्यवस्था मिलाउनुपर्छ । दसैंमा उपभोक्ताले गुणस्तरीय सामान उचित मूल्यमा पाउनु अधिकार हो । व्यवसायीले नाफा कमाउनु स्वाभाविक भए पनि अभावको अनुचित फाइदा उठाउनु स्वीकार्य हुन सक्दैन । सरकार, उत्पादक, वितरक र व्यवसायी सबै जिम्मेवार बने मात्र चाडपर्वको बजार सहज, पारदर्शी र उपभोक्तामैत्री बन्न सक्छ । नेपाललाई अब अर्को सत्ता परिवर्तनभन्दा ठूलो कुरा चाहिएको छ-सत्ता सञ्चालनको संस्कृतिमा स्थायी परिवर्तन । यही नै भ्रष्टाचारबाट विकासतर्फ, अविश्वासबाट संस्थागत लोकतन्त्रतर्फ र राजनीतिक अस्थिरताबाट जिम्मेवार राज्यतर्फ जाने वास्तविक बाटो हो ।

भ्रष्टाचारको जालो तोड्दै नयाँ राजनीतिक यात्रातर्फ नेपाल

राजेश महर्जन

नेपाल फेरि एउटा निर्णायक राजनीतिक मोडमा उभिएको छ । विगतका सत्ता गठबन्धन, राजनीतिक संरक्षणमा हुर्किएको आर्थिक स्वार्थ, कमजोर संस्थागत अनुशासन, भ्रष्टाचार र दण्डहीनताको संस्कृतिबाट आजको नेपालले ठूलो राजनीतिक असन्तोषको यात्रा तय गरेको छ । त्यसको पछिल्लो परिणामका रूपमा नयाँ राजनीतिक शक्तिको उदय र प्रधानमन्त्री बालेन्द्र साह नेतृत्वको सरकारलाई हेर्न सकिन्छ । तर, एउटा प्रश्न अत्यन्त महत्त्वपूर्ण छ-सरकार परिवर्तन भयो कि शासन गर्ने शैली परिवर्तन हुँदैछ ?

यो प्रश्नको उत्तर भाषण, सामाजिक सञ्जाल वा विगतका दलप्रतिको आक्रोशबाट होइन, राज्यका संस्थाहरूले कस्तो व्यवहार गर्छन्, भ्रष्टाचार अनुसन्धान कति निष्पक्ष हुन्छ, विकासका आयोजना कति छिटो अघि बढ्छन्, सुरक्षा संयन्त्र कति व्यावसायिक बन्छन् र नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध कति परिपक्व ढंगले सञ्चालन हुन्छ भन्ने आधारमा खोजिनुपर्छ ।

नेपालमा लामो समयदेखि सरकार फेरिए, प्रधानमन्त्री फेरिए, गठबन्धन फेरिए तर प्रशासनिक र आर्थिक संरचनाको चरित्रमा अपेक्षित परिवर्तन आउन सकेन । पुष्पकमल दाहाल 'प्रचण्ड', केपी शर्मा ओली र शेरबहादुर देउवाजस्ता शीर्ष नेताहरूले विभिन्न कालखण्डमा सत्ता सञ्चालन गरे । उनीहरूबीच राजनीतिक प्रतिस्पर्धा र सहकार्य दुवै देखियो । तर, अहिले उठेको प्रश्न कुनै एक नेता वा दलमाथि मात्र आरोप लगाउने होइन-के नेपालको पुरानो सत्ता संरचनाले राजनीतिक नेतृत्व र आर्थिक स्वार्थबीच अस्वस्थ सम्बन्ध निर्माण गरेको थियो ? यसको उत्तर तथ्य र कानुनी प्रक्रियाबाट खोजिनुपर्छ । हाल पूर्वप्रधानमन्त्री ओली, देउवा र दाहालका तत्कालीन निजी सचिवहरूसँग सम्बन्धित सम्पत्ति अनुसन्धान अघि बढिरहेको समाचार सार्वजनिक भएको छ । यसको अर्थ ती नेताहरू दोषी प्रमाणित भए भन्ने होइन, अनुसन्धान र न्यायिक निर्णय अलग कुरा हुन् । यस्ता अनुसन्धानले राजनीतिक पहुँच, प्रशासनिक निर्णय र आर्थिक हितबीचको सम्बन्धमाथि सार्वजनिक चासो बढाएको छ । यहीँबाट नेपालको आगामी राजनीतिक यात्राको एउटा आधार स्पष्ट हुन्छ-व्यक्तिलाई होइन, प्रणालीलाई जवाफदेही बनाउने ।

बालेन्द्र साह नेतृत्वको सरकारप्रति ठूलो सार्वजनिक अपेक्षा छ । त्यसको कारण केवल नयाँ अनुहार हुनु होइन, पुरानो राजनीतिक अभ्यासप्रति बढेको असन्तोषले नयाँ शासनशैलीको माग गरेको हो । त्यसैले प्रधानमन्त्री साहको वास्तविक परीक्षा विपक्षीलाई पराजित गर्नुमा होइन, आफ्नो सरकारलाई पुरानो राजनीतिक संस्कृतिको पुनरावृत्ति हुन नदिनुमा हुनेछ । सरकारको सफा छवि कायम राख्ने सबैभन्दा बलियो उपाय प्रचार होइन-खुला निर्णय प्रक्रिया हो ।

मन्त्रिपरिषद्का निर्णय, सार्वजनिक खरिद, ठेक्का, नियुक्ति, राजस्व छुट, जग्गा तथा सार्वजनिक सम्पत्ति उपयोग, नियामक निकायका निर्णय र ठूला पूर्वाधार आयोजनालाई पारदर्शी बनाइयो भने सरकारको विश्वसनीयता संस्थागत हुन्छ ।

नेपालमा भ्रष्टाचारविरुद्धको बहस प्रायः केही चर्चित व्यक्तिलाई पक्राउ गर्ने वा मुद्दा चलाउनेमा सीमित हुन्छ । अब त्यो शैली परिवर्तन गर्नुपर्छ । भ्रष्टाचार नियन्त्रणको स्थायी सूत्र पाँच तहमा बनाउन सकिन्छ ।

पहिलो : राजनीतिक संरक्षण अन्त्य । कुनै दल, नेता वा सरकारसँग निकटता भ्रष्टाचार अनुसन्धानबाट बच्ने कवच बन्नु हुँदैन ।

दोस्रो : सम्पत्तिको वास्तविक परीक्षण । राजनीतिज्ञ, उच्चपदस्थ कर्मचारी र सार्वजनिक पदाधिकारीको वैध आय र सम्पत्तिबीचको सम्बन्ध नियमित रूपमा परीक्षण गर्ने प्रणाली आवश्यक छ ।

तेस्रो : सरकारी खरिद डिजिटल र पारदर्शी। ठेक्का तयार गर्नेदेखि मूल्यांकन र भुक्तानीसम्मको प्रक्रिया सार्वजनिक डिजिटल प्रणालीमा ल्याउनुपर्छ । चौथो-नियामक निकाय स्वतन्त्र । बैंकिङ, बीमा, धितोपत्र, सहकारी, दूरसञ्चार, निर्माण, जलविद्युत् र सार्वजनिक खरिद क्षेत्रमा नियामक निकाय राजनीतिक हस्तक्षेपबाट मुक्त हुनुपर्छ । पाँचौं-मुद्दा छिटो टुंग्याउने न्यायिक संरचना । वर्षौंसम्म अनुसन्धान र मुद्दा लम्ब्याएर भ्रष्टाचार नियन्त्रण हुँदैन । प्रमाण, अभियोजन र न्यायिक सुनुवाइलाई समयबद्ध बनाउनुपर्छ ।

दीपक भट्ट र सुलभ अग्रवालसँग सम्बन्धित मुद्दाहरूले नेपालको वित्तीय तथा नियामकीय संरचनामा गम्भीर प्रश्न उठाएका छन् । सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले भट्ट र अग्रवालसहित २९ जनाविरुद्ध करिब २० अर्ब रुपैयाँबराबरको कारोबारसँग सम्बन्धित अभियोजन सिफारिश गरेको रिपोर्ट सार्वजनिक भएको छ । त्यसपछि जिल्ला अदालतले उनीहरूलाई धितोपत्र तथा बीमासम्बन्धी मुद्दामा धरौटीमा रिहा गर्ने आदेश दिए पनि छुट्टै सम्पत्ति शुद्धीकरण मुद्दाका कारण उनीहरू हिरासतमै रहने अवस्था रिपोर्ट गरिएको थियो । यसलाई व्यक्तिविशेषलाई 'अपराधी' घोषित गर्ने आधारका रूपमा होइन, नेपालको नियामक प्रणाली कति प्रभावकारी छ भन्ने परीक्षणका रूपमा हेर्नुपर्छ ।

यदि कुनै व्यवसायीले राजनीतिक पहुँचका आधारमा लाइसेन्स, नियामक निर्णय, सार्वजनिक ठेक्का वा वित्तीय संस्थामा प्रभाव पार्नसक्छ भने समस्या एउटा व्यक्तिमा मात्र छैन, समस्या राज्य प्रणालीमा छ । त्यसैले अब प्रश्न 'को पक्राउ पर्‍यो ?' भन्दा ठूलो हुनुपर्छ-कसरी यस्तो पहुँच सम्भव भयो ? कुन निकाय असफल भयो ? कुन निर्णयकर्ताले के निर्णय गरे ? पैसाको प्रवाह कहाँबाट कहाँ पुग्यो ? र भविष्यमा यस्तो हुन नदिन कुन संस्थागत सुधार गरिन्छ ? यिनै प्रश्नको उत्तरले भ्रष्टाचारविरुद्धको अभियानलाई राजनीतिक प्रतिशोधबाट सुशासनको अभियानमा बदल्न सक्छ ।

पूर्वप्रधानन्यायाधीश चोलेन्द्रशमशेर राणाको पछिल्लो पक्राउले न्यायपालिका र सरकारबीचको सम्बन्धबारे नयाँ बहस जन्माएको छ । सर्वोच्च अदालतको पूर्ण बैठकले सरकारी कदमप्रति आपत्ति जनाउँदै न्यायपालिकालाई बाह्य तथा आन्तरिक प्रभावबाट स्वतन्त्र राख्नुपर्ने धारणा राखेको रिपोर्ट आएको छ । साथै न्यायाधीश नियुक्ति, संवैधानिक इजलास, नेतृत्व र न्यायपालिकाभित्रको गुटबन्दीसम्बन्धी प्रश्न सतहमा आएका छन् । यस घटनालाई 'सरकारविरुद्ध षड्यन्त्र' वा 'सरकारको प्रतिशोध' भनेर एकतर्फी निष्कर्ष निकाल्नु दुवै गलत हुन्छ । बरू सरकारले प्रमाण सार्वजनिक गर्नुपर्छ । अदालतले कानुनी प्रक्रिया पालना गर्नुपर्छ । अनुसन्धान निकायले राजनीतिक निर्देशनबाट मुक्त भएर काम गर्नुपर्छ । न्यायपालिकालाई सरकारको नियन्त्रणमा पनि राख्न मिल्दैन, न्यायपालिकालाई सरकारमाथि राजनीतिक दबाब सिर्जना गर्ने माध्यम पनि बन्न दिन मिल्दैन । यही सन्तुलन लोकतन्त्रको वास्तविक परीक्षा हो ।

नेपालको संविधानमाथि पुनर्विचार, संशोधन वा विगतको संवैधानिक संरचनातर्फ फर्कने बहस अब राजनीतिक बहसको विषय बन्नसक्छ । तर, 'पुरानो संविधान पुनःस्थापना' भन्ने विषयलाई भावनात्मक नाराभन्दा माथि उठाएर हेर्न आवश्यक छ । कुन व्यवस्था किन हटाइएको थियो ? त्यसको विकल्प किन खोजिएको थियो ? अहिलेका कमजोरी के हुन् ? जनताले चाहेको शासन संरचना कस्तो हो ? संघीयता, निर्वाचन प्रणाली, संसद्, कार्यकारी नेतृत्व, न्यायपालिका र संवैधानिक निकायलाई कसरी प्रभावकारी बनाउने ? यी प्रश्नमा व्यापक राष्ट्रिय बहस आवश्यक छ ।

हाल साह सरकारले गठन गरेको संवैधानिक संशोधनसम्बन्धी कार्यदलले ठूलो संख्यामा संवैधानिक प्रावधान संशोधन गर्न सुझाव दिएको र प्रतिवेदन अझै सार्वजनिक छलफलमा पूर्णरूपमा नआएको रिपोर्ट छ । त्यसैले संविधान फेर्नेभन्दा पहिले संविधानको समस्या के हो भन्ने सार्वजनिक रूपमा स्पष्ट हुनुपर्छ ।

सुरक्षा : राजनीतिक स्थिरताभन्दा राष्ट्रिय सुरक्षाको प्रश्न नेपालको सुरक्षा अब केवल सीमा सुरक्षा वा प्रहरी परिचालनको विषय रहेन । साइबर सुरक्षा, वित्तीय अपराध, संगठित अपराध, सीमा अपराध, मानव तस्करी, अवैध पुँजी प्रवाह, सामाजिक सञ्जालमार्फत हुने गलत सूचना, राजनीतिक हिंसा र बाह्य प्रभाव सबै राष्ट्रिय सुरक्षाका विषय हुन् । त्यसैले राष्ट्रिय सुरक्षा परिषद्, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, राष्ट्रिय अनुसन्धान विभाग र गृह प्रशासनबीच स्पष्ट समन्वय आवश्यक छ । तर, सुरक्षा राज्यको नाममा नागरिक स्वतन्त्रता कमजोर पार्ने बाटो स्वीकार्य हुनुहुँदैन । सुरक्षित नागरिक र स्वतन्त्र नागरिक-दुवै लोकतान्त्रिक राज्यका आधार हुन् ।

नेपालको विदेश नीति भावनात्मक राष्ट्रवाद र परम्परागत कूटनीतिक अभ्यासको बीचमा अल्झिनु हुँदैन । भारतसँग खुला सीमा, व्यापार, ऊर्जा, रोजगारी र जनस्तरीय सम्बन्ध छ । चीनसँग व्यापार, पूर्वाधार, पर्यटन र रणनीतिक सम्बन्ध छ । अमेरिका, युरोपेली संघ र अन्य मुलुकसँग विकास, लगानी, शिक्षा र प्रविधिको सम्बन्ध छ । त्यसैले नेपालको नीति कुनै एक शक्तिको पक्षमा उभिने होइन- नेपालको राष्ट्रिय हितमा सबैसँग सन्तुलित सम्बन्ध राख्ने हुनुपर्छ । साह सरकारले कूटनीतिक शैलीमा केही परिवर्तनको संकेत दिएको छ । उनले विभिन्न राजदूतसँग सामूहिक भेटघाट गरेर राज्यकेन्द्रित कूटनीतिक अभ्यासको संकेत दिएको रिपोर्ट छ । तर, भारतसँगको सम्बन्धमा सरकारको केही प्रारम्भिक कदमले कूटनीतिक असहजता पनि उत्पन्न गरेको रिपोर्ट छ । यसबाट पाठ स्पष्ट छ-राष्ट्रवाद र कूटनीति एकअर्काका विरोधी होइनन् । बलियो राष्ट्रवादको आधार नै परिपक्व कूटनीति हो ।

नेपालको पुरानो राजनीतिक नेतृत्वबारे जनतामा असन्तोष छ । तर, प्रचण्ड, ओली र देउवाबीच 'नक्सा कोरेर बनेको भ्रष्टाचारको एउटै गठजोड' थियो भनेर प्रमाणबिना निष्कर्ष निकाल्नु पत्रकारिता होइन । उनीहरूबीच भएका राजनीतिक सहकार्य, सत्ता गठबन्धन, नियुक्ति, नीतिगत निर्णय, सार्वजनिक खरिद र प्रशासनिक हस्तक्षेपको निर्णयगत अभिलेख परीक्षण गरिनुपर्छ । कसले के निर्णय गर्‍यो ? कसको पालामा कुन आयोजना स्वीकृत भयो ? कसले नियुक्ति गर्‍यो ? कसको समयमा कुन संस्थामाथि अनुसन्धान रोकियो वा अघि बढ्यो ? कसले कुन सार्वजनिक स्रोतबाट लाभ पायो ? यस्तो तथ्यमा आधारित अनुसन्धानले मात्र पुरानो राजनीतिक संरचनाको वास्तविक चित्र देखाउनसक्छ ।

प्रधानमन्त्री साहको व्यक्तिगत छवि कस्तो छ भन्ने प्रश्नभन्दा महत्त्वपूर्ण प्रश्न हो- उनको सरकारको संस्थागत छवि कस्तो बन्दैछ ? नयाँ नेतृत्वले आफूलाई पुरानो नेतृत्वबाट फरक प्रमाणित गर्न तीन काम तत्काल गर्नुपर्छ । एक-आफ्नै मानिसमाथि पनि समान कानुन । दुई-सरकारका निर्णयमा पूर्ण पारदर्शिता । तीन- आलोचनालाई शत्रु नठानी संस्थागत सुधारको स्रोत बनाउने । सरकारका निर्णयहरूलाई सर्वोच्च अदालतले अवरुद्ध गरेका घटना र सरकारमाथि संस्थागत प्रक्रिया बेवास्ता गरेको आरोपबारे सार्वजनिक बहस भइरहेको छ । त्यसैले सरकारको शक्ति संसद्, अदालत, संवैधानिक निकाय र सञ्चारमाध्यमलाई कमजोर बनाएर होइन, ती संस्थासँग उत्तरदायी सम्बन्ध बनाएर बलियो हुन्छ ।

नेपालले अब 'भ्रष्टाचारविरुद्ध अभियान'मात्र होइन, भ्रष्टाचार नियन्त्रणसहितको विकास रोडम्याप चाहिन्छ । पहिलो एक सय दिन सबै ठूला सरकारी खरिदको डिजिटल निगरानी, उच्च जोखिमका आयोजनाको सार्वजनिक अडिट, भ्रष्टाचारसम्बन्धी अनुसन्धानको प्रगति, सार्वजनिक सरकारी निर्णयको सर्चेबल डाटाबेस, सम्पत्ति विवरणको प्रभावकारी परीक्षण, सीमा र वित्तीय अपराध नियन्त्रणका लागि संयुक्त संयन्त्र एक वर्षभित्र सार्वजनिक खरिद प्रणाली सुधार, नियामक निकायमा राजनीतिक नियुक्तिको समीक्षा, विशेष भ्रष्टाचार अदालत/फाष्ट ट्र्याक न्यायिक संयन्त्रबारे अध्ययन, स्थानीय तहका ठूला आयोजनाको इन्डिपेन्ड अडिट, सरकारी सेवाको पूर्ण डिजिटलाइजेसन, लगानी स्वीकृति र व्यवसाय दर्तामा वन स्टेप सिस्टिम तीन वर्षभित्र रोजगारी सिर्जना गर्ने उद्योगमा केन्द्रित आर्थिक नीति, जलविद्युत्, पर्यटन, कृषि, सूचना प्रविधि र पूर्वाधारमा निजी लगानी, भारत र चीनसँग ऊर्जा तथा व्यापार सहकार्य, वैदेशिक रोजगारीबाट फर्किने युवाका लागि उद्यम कार्यक्रम, शिक्षा र स्वास्थ्यमा गुणस्तर तथा नियमन सुधार, राष्ट्रिय सुरक्षा र साइबर सुरक्षाको दीर्घकालीन रणनीति, अन्ततः जनताको प्रश्न एउटै हो नेपालका जनताले अब नयाँ नेतामात्र खोजिरहेका छैनन् । उनीहरू नयाँ शासन प्रणालीको अनुभव गर्न चाहन्छन् । उनीहरूलाई महँगो भाषण होइन, सस्तो र सहज दैनिक जीवन चाहिएको छ । उनीहरूलाई भ्रष्टाचारको आरोपमा वर्षौंसम्म चल्ने मुद्दा होइन, निष्पक्ष अनुसन्धान र समयमै न्याय चाहिएको छ ।

उनीहरूलाई राजनीतिक संरक्षण पाएका सीमित व्यवसायी होइन, समान प्रतिस्पर्धा गर्ने निजी क्षेत्र चाहिएको छ, अस्थिर गठबन्धन होइन, स्थिर नीति चाहिएको छ । उनीहरूलाई बाह्य शक्तिसँग झुक्ने वा अनावश्यक टकराव गर्ने विदेश नीति होइन, नेपालको हितमा आधारित आत्मविश्वासी कूटनीति चाहिएको छ । र सबैभन्दा महत्त्वपूर्ण-उनीहरूलाई पुरानो व्यवस्था फर्काउने वा नयाँ व्यवस्था ल्याउने नाराभन्दा जुनसुकै संविधान र शासन संरचनामा पनि भ्रष्टाचार गर्न नसक्ने राज्य व्यवस्था चाहिएको छ । त्यसैले नेपालको आगामी राजनीतिक यात्राको वास्तविक प्रश्न 'को प्रधानमन्त्री ?' मात्र होइन ।

कस्तो राज्य ? कस्तो न्याय ? कस्तो सुरक्षा ? कस्तो कूटनीति ? र भ्रष्टाचारमुक्त शासन कसरी ? बालेन्द्र साह नेतृत्वको सरकारले यी प्रश्नको उत्तर व्यवहारबाट दिनसकेमा नेपालको राजनीतिक परिवर्तन व्यक्ति परिवर्तनमा सीमित रहने छैन । तर, पुरानै शैली, पुरानै संरक्षणवाद र पुरानै अपारदर्शिता दोहोरियो भने नयाँ राजनीतिक शक्तिप्रतिको जनअपेक्षा पनि चाँडै परीक्षणमा पर्नेछ । नेपाललाई अब अर्को सत्ता परिवर्तनभन्दा ठूलो कुरा चाहिएको छ-सत्ता सञ्चालनको संस्कृतिमा स्थायी परिवर्तन । यही नै भ्रष्टाचारबाट विकासतर्फ, अविश्वासबाट संस्थागत लोकतन्त्रतर्फ र राजनीतिक अस्थिरताबाट जिम्मेवार राज्यतर्फ जाने वास्तविक बाटो हो । हिटा

धर्मका कुरा

गायत्री मन्त्र किन १०८ पटक जप गरिन्छ ?

मन्त्र किन उच्चारण गरिन्छ ? मन्त्रको विकास किन र कसरी गरियो ? मन्त्र जप गर्नुको ध्येय के हो ? निश्चय पनि कुनै धार्मिक लाभका लागि मन्त्र जप गर्ने होइन । हाम्रो शरीर र मनसँग यसको कुनै न कुनै सम्बन्ध छ ।

मन्त्रको कुरा गर्दा हामी धेरैजसोले सुन्दै र सुनाउँदै आएको मन्त्र हो, गायत्री मन्त्र । कतिपय विद्यालयमा बालबालिकालाई समेत गायत्री मन्त्र सिकाउने गरिन्छ । गायत्री मन्त्र के हो ? हामी किन यसको जप गर्छौं ? गायत्री मन्त्र किन १ सय ८ पटक जप गरिन्छ ?

यस सन्दर्भमा आर्ट अफ लिभिङका संस्थापक श्री रविशंकरले गायत्री मन्त्रबारे विस्तृतमा बताएका छन् । गायत्री मन्त्र तीन शब्द मिलेर बनेको छ । ***गा, य, त्री ।***

जीवनमा तीन प्रकारको दुःख आउँछ । हाम्रो शरीर तीन छ, स्थूल शरीर, सूक्ष्म शरीर र कारण शरीर । र, यी सबै स्तरमा दुःख आउँछ । मानव जीवनको यही तीन स्तरबाट पर जानुपर्छ र यही गायत्री मन्त्रको अर्थ हो । अर्थात जसले गायत्री मन्त्र जप गर्छ, उसले यी दुःखबाट पार पाउँछ । परम आनन्द अनुभूत गर्छ ।

गायत्री मन्त्र, मानव जातिका सबैभन्दा ठूलो प्राथनामा एक हो ।

यसको अर्थ के हो त ?

'ईश्वर ममाथि व्याप्त हुनुहोस् र ईश्वर मेरो सारा पापलाई नष्ट गरिदिनुहोस् ।'

'त्यो दिव्य ज्योति जो सारा पाप जलाइदिन्छ, त्यही दिव्य ज्योतिको म पूजा गरुँ र त्यसमा समाहित हुन पाउँ ।'

'हे ईश्वर, मेरो बुद्धिलाई प्रेरणा दिनुहोस् ।'

अब हेरौं, हाम्रो सबै काम हाम्रो बुद्धिबाट हुन्छ । होइन त ? हाम्रो बुद्धिमा केही विचार



आउँछ, तब हामी केही प्रतिक्रिया जनाउँछौं । अर्थात काम गर्छौं ।

गायत्री मन्त्रमा हामी ईश्वरसँग प्राथना गर्छौं, कि हाम्रो मनमा राम्रो विचार पैदा होस् । हामी ईश्वरसँग भन्छौं, 'मेरो बुद्धिमा तपाईं विराजमान हुनुहोस्, मेरो बुद्धिलाई तपाईंको प्रेरणा मिलोस्'- धियो यो नः प्रचोदयात् ।'

'धि'को अर्थ हो, बुद्धि । मेरो बुछिलाई तपाईंले मार्ग देखाइदिनुहोस् र प्रज्वलित गरिदिनुहोस् । मेरो बुद्धि हरक्षण तपाईंको दिव्यताबाट प्रेरित छ । यस्तो छ मेरो प्रार्थना ।

जब मनमा सही विचार आउँछ, तब हाम्रो सबै काम ठिकठाक हुन्छ । जब मनमा पूर्वाभास हुन्छ, तब हामीले गरिएको कार्य सफल हुन्छ ।

यसैले, उच्च विचारका साथ प्रार्थना गरौं, 'हे ***ईश्वर, मेरो मन, मेरो बुद्धि र मेरो पुरा जीवन, दिव्यताले व्याप्त भइदियोस् ।'***

यो गायत्री मन्त्रको महत्व हो ।

गायत्री मन्त्र किन १०८ पटक जप गरिन्छ ?

गायत्री मन्त्र किन १ सय ८ पटक जप गरिन्छ ? किनभने ९ ग्रह र १२ नक्षत्र छ । जब ९ ग्रह यस १२ नक्षत्रको चारतर्फ फन्को लगाउँछ, तब १ सय ८ प्रकारको प्रभाव पार्छ । यदी यी प्रभावमा केही नकारात्मक भएमा, यी मन्त्रले सकारातमक उर्जाबाट सुधार ल्याउँछ ।

के महिलाले गायत्री मन्त्र जप गर्न हुन्न ?

पहिले पहिले त्यस्तै धारणा थियो, महिलाले गायत्री मन्त्र जप गर्न सक्दैन । यो एकदम दुर्भाग्यको कुरा हो कि, मध्य युगमा महिलालाई यी सबै अधिकारबाट बञ्चित गराइयो । तर, अहिले हामीले यो पुरातन धारणालाई बदलेका छौं । अहिले थुप्रै महिला गायत्री मन्त्र सिकिरहेका छन् ।

गायत्री मन्त्रको महत्व

गायत्री मन्त्रको अद्भुत प्रभाव र आश्चर्यजनक चमत्कारको विषयमा प्राचीन ऋषि, मुनि र साधु सन्तले व्याख्या गर्दै आए । अहिलेको समाजमा पनि यसको खास प्रभाव देखिन्छ । थियोसोफिकल सोसाइटीका प्रमूख नेता श्रीकृष्णमूतिले गायत्री उपासनाको अनुभव वर्णन गर्दै लेखेका छन्, 'विशेष रुपले गायत्री मन्त्रको प्रयोग गरेर अवलोकन गरियो कि, यसको परिणाम अद्भुत रहेछ । यस मन्त्रको उपयोग स्वार्थका लागि नगरेर परमार्थको लागि गर्नुपर्छ ।'

गायत्री सूर्य भगवानको आवाहनको मन्त्र हो, जब यसको उच्चारण गरिन्छ तब जप गर्नेमाथि प्रकाशको एक ठूलो हिस्सा स्थुल सूर्यमा पर्छ । जुनसुकै समयमा भएपनि यसको जप गर्दा सूर्यको प्रभाव पर्ने बताइन्छ ।

धनकुटा/ सडक विस्तार, व्यापारिक पसल र आधुनिक बजारको विकाससँगै धनकुटाका गाउँगाउँमा साप्ताहिक हाटबजार विस्तार हुँदै गएको छ। जिल्लाका दुई दर्जनभन्दा बढी स्थानमा लाग्ने हाटबजारले स्थानीय उत्पादनको बिक्री, ग्रामीण अर्थतन्त्रको प्रवर्द्धन र गाउँ-सहरबीचको व्यापारिक सम्बन्ध विस्तारमा योगदान पुऱ्याउँदै आएको छ।

करिब पाँच दशकअघि सडक र पसलको अभाव रहेको हिलेमा सुरु भएको बिहीबारे हाट अहिले पनि नियमित लाग्दै आएको स्थानीय लालचन्द्र गोङ्वाले बताए। गाउँबाट कृषिजन्य उत्पादन बोकेर आउने किसानले हाटमा बिक्री गर्ने र आफूलाई आवश्यक सामग्री किन्ने तथा साट्ने परम्परा अझै कायम रहेको उनले बताए।

हिले बजार विस्तार भएर मिनी मार्केटदेखि तरकारी गोदामसम्म सञ्चालनमा आए पनि हाटबजारको आकर्षण नघटेको अर्थशास्त्रका उपप्राध्यापक भेसराज खत्रीले बताए। उत्पादक र उपभोक्ताबीच प्रत्यक्ष कारोबार हुने तथा एक सातालाई पुग्ने सामग्री एकैपटक खरिद गर्न पाइने भएकाले हाटबजार लोकप्रिय रहेको उनले बताए।

"हाटबजारमा उपभोक्ताले प्रत्यक्ष उत्पादकसँग सामग्री खरिद गर्न पाउँछन्। एक हटियादेखि अर्को हटियासम्म पुग्ने सामग्री एकैपटक किन्ने चलनले पनि यसको महत्त्व कायम राखेको छ," खत्रीले भने।

सडक विस्तार र यातायातको सहज पहुँचसँगै पहिले हिले, धनकुटा, पाखीबास, सिधुवा र छिन्ताङजस्ता क्षेत्रमा सीमित हाटबजार अहिले गाउँगाउँमा विस्तार भएका छन्। स्थानीय तहले पनि किसानको उत्पादन बिक्री गर्ने र उपभोक्तालाई आवश्यक सामग्री उपलब्ध गराउने माध्यमका रूपमा हाटबजारलाई प्रोत्साहन गर्दै आएका छन्।

साँगुरीगढी गाउँपालिकाका अध्यक्ष जितेन्द्र राईले बूढीमोरङ, चाँदी बजार र खुँडीलगायतका स्थानमा नयाँ हाटबजार सञ्चालन गरिएको बताए। हाटबजारले स्थानीय उत्पादनको बिक्री र आवश्यक सामग्रीको खरिद सहज बनाएको उनले बताए।

सहिदभूमि गाउँपालिकाका अध्यक्ष मनोज राईले हाटबजार स्थानीय तहको आम्दानीको स्रोतसमेत बनेको बताए। हाटबजारबाट कर संकलन हुने र सडक विस्तारसँगै व्यापारी गाउँसम्म पुग्न थालेकाले यसको महत्त्व बढेको उनले बताए। स्थानीय मातृका राईले हाटबजारमा गाउँका कृषिजन्य उत्पादनसँगै सहरमा उत्पादित कपडा, जुत्ताचप्पल, घरायसी तथा शृङ्गारका सामग्रीसमेत उपलब्ध हुन थालेको बताए। हाटबजारले किसानलाई उत्पादन बिक्री गर्ने ठाउँ दिनुका साथै गाउँको कला, संस्कृति र परम्परालाई पनि जीवन्त राखेको उनले बताए।

स्वास्थ्य

दसैं-तिहारमा स्वादसँगै स्वास्थ्यको ख्याल गरौं

दमक/ दसैं-तिहारमा खानपानमा ध्यान नदिँदा अपच, कब्जियत तथा दीर्घरोगको समस्या बढ्न सक्ने भएकाले स्वादसँगै स्वास्थ्यलाई प्राथमिकता दिनुपर्नेमा स्वास्थ्यकर्मीहरूले जोड दिएका छन्। चाडपर्वमा आवश्यकताभन्दा बढी खाने, चिल्लो र गुलियो परिकार धेरै सेवन गर्ने तथा एउटै तेल पटकपटक तताएर प्रयोग गर्ने बानीले स्वास्थ्यमा असर पार्न सक्ने उनीहरूको भनाइ छ। चाडपर्वमा दाल, भात, तरकारी, अचार, दूध, दही र फलफूलजस्ता सामान्य तथा पोषणयुक्त खानेकुरालाई प्राथमिकता दिनुपर्छ। मासु, माछा र मिठाई खाँदा पनि मात्रा मिलाउनुपर्छ। पेट भरिएपछि पनि जबर्जस्ती खाने बानीले अपचलगायत समस्या निम्त्याउन सक्ने भएकाले भोकअनुसार खानुपर्ने स्वास्थ्यकर्मीहरू बताउँछन्।

मासुमा रेशादार पदार्थ कम हुने भएकाले त्यससँगै हरियो तरकारी, सलाद र फलफूल खानु उपयुक्त हुन्छ। काँक्रो, अम्बा तथा अन्य फलफूलले शरीरलाई आवश्यक रेशादार पदार्थ उपलब्ध गराउन सहयोग गर्छन्। अत्यधिक चिल्लो, गुलियो र नुनिलो खानेकुराले मधुमेह, उच्च रक्तचाप तथा मुटुसम्बन्धी समस्या भएका व्यक्तिलाई थप जोखिममा पार्न सक्ने भएकाले उनीहरूले विशेष सावधानी अपनाउनुपर्छ।

खाना पकाउँदा तेलको प्रयोग सीमित गर्न र एउटै तेल पटकपटक तताएर प्रयोग नगर्न पनि स्वास्थ्यकर्मीहरूले सुझाव दिएका छन्। तेललाई बारम्बार तताउँदा हानिकारक पदार्थ बन्न सक्ने भएकाले प्रयोग गरिसकेको तेल पुनः प्रयोग नगर्नु राम्रो हुन्छ। घरमै सफा र स्वस्थकर तरिकाले पकाइएका खानेकुरालाई प्राथमिकता दिनुपर्छ।

खानपानले शारीरिक स्वास्थ्यसँगै मानसिक स्वास्थ्यमा पनि प्रभाव पार्छ। पेटमा रहेका सूक्ष्मजीव र मस्तिष्कबीच सम्बन्ध रहेको अध्ययनले देखाएका छन्। त्यसैले सन्तुलित आहार, नियमित शारीरिक गतिविधि र पर्याप्त आरामले समग्र स्वास्थ्य राम्रो राख्न सहयोग गर्छन्। तर मानसिक स्वास्थ्यसम्बन्धी समस्या भएका व्यक्तिले स्वस्थ खानपानसँगै आवश्यक उपचार र परामर्श पनि लिनुपर्छ।

चाडपर्व सामाजिक सम्बन्ध, पारिवारिक मिलन र सांस्कृतिक परम्परासँग जोडिएका छन्। त्यसैले खानपानमा सन्तुलन मिलाउँदै, मदिरा तथा पत्रु खानेकुराको सेवन घटाउँदै र बालबालिकालाई सानैदेखि स्वस्थकर खाना खाने बानी सिकाउँदै दसैं-तिहार मनाउनु आवश्यक छ। स्वादका लागि स्वास्थ्य जोखिममा नपारी सचेत भएर चाडपर्व मनाउनु नै बुद्धिमानी हुन्छ।

पुस्तक-साभार

राजनीतिसँगै राजकाज-कल्याणकारी लोकतन्त्रको प्रस्ताव

✍ रविन्द्र मिश्र

पद भन्दा दायित्व ठूलो

गतांकबाट ....

ग. डिजाइनरहरूलाई यस्ता काम गर्दा पूर्ण स्वतन्त्रता दिइनुपर्छ। तर 'मूल भाव बारे थोरै निर्देशन दिन भने सकिन्छ। त्यो के हो भने, त्यहाँ बन्ने संसारका विविध देशका मूर्ति र त्यसले ओगटेको ठाउँ त मूर्तिकारको परिकल्पनाअनुरूप नै हुने भयो। तर त्यसबाहेक सम्पूर्ण पार्कमा निर्माण हुने संरचना र पार्कको डिजाइनते काठमाडौं उपत्यकाको नेवाः कला र वास्तुकलालाई प्रतिबिम्बित गर्नैपर्छ। पार्क अन्तर्राष्ट्रिय भए पनि त्यो अन्तर्राष्ट्रियपना नेवाः संस्कृतिभित्र अटाउनुपर्छ, अटाउन सकिन्छ। पार्कभित्र बन्ने ढुङ्गेधारा, चोकहरू, ससाना स्टलहरू, पोखरीहरू, त्यहाँ प्रयोग हुने ईंट, काठ र धातुका कुनै पनि संरचना नेवाः कलाविहीन हुनुहुँदैन।

घ. डिजाइनबारे मेरो अर्को एउटा सपना पनि छ। नैसेपाटीमा पार्क बन्ने हुनाले प्रवेशद्वारमा संसारकै सबैभन्दा ठूलो मैसीको ढुङ्गे मूर्ति निर्माण होस्। न्युयोर्कको टाइम्स स्क्वायरको सानदार जीवन्त साँढे जस्तै। तर त्योभन्दा धेरै ठूलो। खुसीको कुरा के भने, नेपालका विशिष्ट प्रस्तर कलाकार चन्द्रश्याम डङ्गोल भैसेपाटी नजिकै खोकनामा बस्छन्। अहिले उनले बनाएको ३३ फिट अग्लो मञ्जुश्रीको पूर्णकदको ढुङ्गाको विशाल मूर्ति चोभारको मञ्जुश्री पार्कमा प्रतिस्थापन गरिएको छ। हामीसँग यस्तायस्ता कलाकार छन्, जसबारे हामीलाई नै थाहा छैन। केही वर्षअघिको कुरा हो, नेपालका मूर्तिकार राजकुमार शाक्यले भुटान सरकारको अनुरोधमा त्यहाँ विश्वकै सबैभन्दा ठूलो पद्मसम्भवको मूर्ति निर्माण गरेका छन्। तर हाम्रा सोचाइ यति खुम्चिइसके कि, हामी १२ फुटे बाटो भन्दा फराकिलो सोच बिरलै राख्छौ। विश्वको सबैभन्दा ठूलो त हाम्रो कल्पनामै कहिल्यै आउँदैन। छेउमै चीन छ, जसले यति धेरै काम संसारमै सबैभन्दा उत्कृष्ट, सबैभन्दा विशिष्ट र सबैभन्दा ठूलो गर्ने गर्छ। तर हामीले ऊबाट कहिल्यै सिकेनौ। कुरा, पैसाको मात्र होइन, मूलतः सोचाइको नै हो।

ङ कागजी र थिडी डिजाइन तयार भइसकेपछि काठमाडौंमा दूतावास भएका छब्बीसै जना राजदूतलाई प्रधानमन्त्री कार्यालयमा बोलाउनोस्। सबै राजदूतलाई भन्नुहोस्, हामी काठमाडौ उपत्यकामा संसारमै विशिष्ट पहिचान स्थापना गर्न सक्ने एउटा अन्तर्राष्ट्रिय मूर्तिकला उद्यान निर्माण गर्दै छौं। तपाई हरेकको देशका पाँचसात जना विशिष्ट मूर्तिकारमध्ये एक जनाले नेपाल आएर उक्त उद्यानमा एकएक ओटा विशाल र भव्य मूर्ति बनाऊन् भन्ने मेरो चाहना छ। ती यस्ता मूर्ति हुन्, जुन हेर्दा मान्छेहरू एकछिन टोलाऊन्। तपाईंको देश, हाम्रो देश र मूर्तिकार सबैका लागि यो गर्वको विषय बनोस्। यति काममा तपाईंहरूले मलाई सहयोग गरिदिनुपयो।

च प्रधानमन्त्री स्वयम्ले बोलाएर आˆनो देशको एक जना विशिष्ट मूर्तिकारलाई केही महिना नेपालमा राखी एउटा भव्य मूर्ति निर्माण गरिदिन गरेको तुलनात्मक रूपमा सानो अनुरोधलाई कुनै पनि राजदूतले टार्लान् जस्तो मलाई लाग्दैन। त्यसपछि फलोअप गर्न काम परराष्ट्र मन्त्रालयले गरिहाल्छ। काठमाडौंमा राजदूतावास भएका हरेक देशले गर्ने भनेको आˆनो देशका एक जना विशिष्ट मूर्तिकारलाई आमन्त्रण गरेर केही महिना नेपाल राखी एउटा मूर्ति बनाउन सहयोग गर्ने हो। त्यति काम गर्न पनि आर्थिक व्यवस्थापनको प्रश्न उठ्यो भने दुई ओटा तरिका अवलम्बन गर्न सकिन्छ– या त नेपाल सरकारले सबै या आंशिक खर्चको जिम्मा लिन सक्छ। या अमेरिकाको टेक्सासस्थित लिबर्टी हिलमा रहेको अन्तर्राष्ट्रिय मूर्तिकला उद्यान निर्माणका बेला अचितयार गरिएको उपाय अपनाउन सकिन्छ। त्यति बेला लिबर्टी हिलका स्थानीय बासिन्दाले कैयौ महिना मूर्तिकारहरूलाई आफ्ना घरमा निःशुल्क खाने, बस्ने व्यवस्था गरिदिएका थिए। आज उनीहरु त्यसबारे गर्व गर्छन्। प्रधानमन्त्री ओलीले यो विषयलाई गम्भीरतापूर्वक लिने हो भने अर्को दुई वर्षभित्रमा काठमाडौं उपत्यकामा भव्य अन्तर्राष्ट्रिय मूर्तिकला उद्यान तयार भइसकेको हुनेछ।

छ भैसेपाटीबाट ऐतिहासिक सम्पदाले भरिपूर्ण दुई ओटा नेवाः बस्ती बुङ्मती र खोकना धेरै पर छैनन्। आधा घण्टामा हिंडेरै पुग्न सकिन्छ। नैसेपाटीमा अन्तर्राष्ट्रिय मूर्तिकला उद्यान बन्यो भने ती ठाउँको महत्त्व ह्वात्तै बढ्छ। उद्यान निर्माणकै बेला तिनलाई सम्पदा बस्तीका रूपमा विकास गर्न योजना बनाउन सकियो भने गजबै हुन्छ। दक्षिण कोरियाको राजधानी सोल अत्याधुनिक बन्दै गएपछि सोलको ऐतिहासिक बस्ती कस्तो थियो भनेर आधुनिक दक्षिण कोरियाली तथा विदेशी पर्यटकलाई देखाउन एउटा क्षेत्रको जगेर्ना गरियो। नामसानगोल हनोक गाउँ गएपछि पहिलेका घर, जनजीवन, बगैचा, खानपान, नाटक मञ्चन गर्ने ठाउँ आदि कस्ता थिए, सबै हेर्न पाइन्छ। अचम्मको कुरा त त्यहाँ ठ्याक्कै हामीकहाँ जस्तै ढिकी, जाँतो, नाङ्लो, डोको पनि देख्न सकिन्छ। बुङ्मती र खोकनालाई परम्परागत बस्तीका रूपमा जगेर्ना गर्न सकियो भने त्यहीँ त देखाउने र अनुभव गराउने कुरा कति छन् कति। परम्परागत नेवारी पहिरन लगाएर नेवारी परिकार खाँदै फोटो खिच्ने रहर कुन चाहिँ पर्यटकलाई हुँदैन होला ? ती दुवै बस्ती ठूलो पर्यटकीय आकर्षणका केन्द्र बन्नेमा शङ्कै छैन। मूर्तिकला उद्यान र ती संरक्षित बस्तीले एकअर्कालाई अत्यन्तै लाभदायी रूपमा परिपूर्ण गर्नेछन्। क्रमशः

कला/संस्कृति

बर्दिबासमा लोकदोहोरीको रौनक, नयाँ नेतृत्व चयन गर्दै प्रतिष्ठान

दमक/ राष्ट्रिय लोक तथा दोहोरीगीत प्रतिष्ठान नेपालको नवौं राष्ट्रिय महाधिवेशन तथा रजत जयन्ती समारोहले महोत्तरीको बर्दिबासमा लोकदोहोरी कलाकार, संगीतकर्मी र कलाप्रेमीको चहलपहल बढाएको छ। बिहीबारदेखि सुरु भएको महाधिवेशनमा देशभरबाट कलाकार तथा प्रतिनिधि सहभागी भएका छन्। प्रतिष्ठान स्थापनाको २५ वर्ष पूरा भएको अवसरमा पहिलोपटक मधेश प्रदेशमा आयोजना गरिएको महाधिवेशनमा ७७ वटै जिल्लाबाट एक हजार पाँच सयभन्दा बढी प्रतिनिधि सहभागी हुने आयोजकले जनाएको छ। पर्यवेक्षक, शुभेच्छुक तथा दर्शकसमेत गरी पाँच हजारभन्दा बढीको उपस्थिति रहने अनुमान गरिएको छ।

महाधिवेशनले प्रतिष्ठानको नयाँ नेतृत्व चयन गर्नुका साथै २५ वर्षे यात्राको समीक्षा, स्रष्टाका समस्या र लोकदोहोरी क्षेत्रको आगामी कार्यदिशाबारे छलफल गर्ने प्रतिष्ठानका केन्द्रीय सदस्य कृष्ण गौतमले बताए। करिब ५० हजार साधारण सदस्य आबद्ध रहेको प्रतिष्ठानको महाधिवेशनमा भारत, अमेरिका र दक्षिण कोरियालगायत देशबाट समेत सहभागी आउने उनले बताए।

महाधिवेशनमा शान्तिश्री परियार, प्रकाश सपुत, प्रीति आले र पशुपति शर्मालगायत चर्चित कलाकारको उपस्थितिले बर्दिबासको सांगीतिक माहोल थप उत्साहपूर्ण बनेको छ। महाधिवेशनलाई व्यवस्थित बनाउन २० वटा उपसमिति गठन गरिएको प्रतिष्ठानका महोत्तरी जिल्ला सचिव रमेश खत्रीले बताए। मधेश प्रदेशमा आयोजना भएको महाधिवेशनले स्थानीय कला, संस्कृति र पर्यटन प्रवर्द्धनमा सहयोग पुऱ्याउने सहआयोजक प्रतिष्ठानका मधेश प्रदेश अध्यक्ष रुद्रसेन विश्वकर्माले बताए। रजत जयन्तीलाई संस्थागत समीक्षा र सांस्कृतिक पहिचान प्रवर्द्धनको अवसरका रूपमा उपयोग गर्ने तयारी गरिएको उनले बताए।

होटल तथा पर्यटन व्यवसायी महासङ्घ मधेश प्रदेशका अध्यक्ष हिरा गौतमले देशभरबाट कलाकार र प्रतिनिधि आउँदा स्थानीय होटल तथा पर्यटन व्यवसायमा चहलपहल बढ्ने बताए। सामाजिक सञ्जाल र डिजिटल माध्यमबाट महाधिवेशनका गतिविधि देशविदेशसम्म पुग्दा बर्दिबासको पहिचान विस्तार हुने उनले बताए। बर्दिबास उद्योग वाणिज्य सङ्घका अध्यक्ष दीपक कार्कीले महाधिवेशनले स्थानीय व्यापार व्यवसायलाई चलायमान बनाउने बताए। लोकगीत नेपाली समाजको सांस्कृतिक पहिचानसँग जोडिएको उल्लेख गर्दै उनले यस्तो आयोजनाले मधेशको कला, संस्कृति र पर्यटनलाई राष्ट्रियस्तरमा चिनाउन सहयोग पुग्ने बताए।

केही प्रेरक भनाइहरु

यहाँ केही सारभूत भनाईहरु उल्लेख गरिएको छ, जुन हाम्रो लागि प्रेरणादायी हुनसक्छ।

- ✔ सफलताको कुनै सूत्र हुँदैन। यो त केवल श्रम, मेहनत र निरन्तरतामा निर्भर हुन्छ।
- ✔ अरुको आलोचनाबाट बच्ने उपाय हो,केही नगर्नु, केही नभन्नु र केही नबन्नु।
- ✔ कुनैपनि व्यक्ति आफुले चाहेजस्तै बन्न सक्छ, यदि दृढता, लगाव र सार्थक प्रयास छाडेन भने।
- ✔ आफ्नो गल्ती स्विकार्नु एउटा गजब कला हो।
- ✔ मान्छे प्रकृतिको सबैभन्दा विशेष कृति हो। उसले आफ्नो कल्पनालाई आफ्नो शक्तिभन्दा अगाडिसम्म लान सक्छ।
- ✔ त्यस कुरामा कहिल्यै चिन्ता नगर, जुन तिम्रो अधिनमा छैन।
- ✔ फलाम तातो हुने प्रतिक्षा नगर, बरु आफ्नो तापक्रमद्वारा त्यसलाई तातो बनाउ अर्थात् समयको प्रतिक्षा नगर बरु समयलाई आफ्नो अनकुल बनाउने प्रयास गर।
  विलियम बी स्प्रेग
- ✔ जीवन साह्रो दुखद हुनेछ, यदि हामीले हाँसो,ठट्टा गरेनौं भने। *स्टिफन हकिङ्ग*

मोरङका २९ फर्म कारबाहीमा

मोरङ/ मोरङका २९फर्म कारबाहीमा परेका छन्। जिल्ला प्रशासन कार्यालय मोरङको नेतृत्वमा गरिएको संयुक्त बजार अनुगमनका क्रममा जिल्लाका ७४ वटा व्यवसायिक फर्मको अनुगमन गरेको थियो। अनुगमनका क्रममा विभिन्न नियम उल्लंघन गर्ने २९ वटा फर्मलाई कुल ६ लाख ९२ हजार रुपैयाँ जरिवाना गरिएको जिल्ला प्रशासन कार्यालय मोरङले जनाएको छ। उपभोक्ताको हित संरक्षण, बजारमा वस्तुको गुणस्तर, मूल्य, नापतौलको शुद्धता तथा व्यावसायिक पारदर्शिता कायम गर्ने उद्देश्यले विराटनगर महानगरपालिका तथा आसपासका बजार क्षेत्रमा संयुक्त अनुगमन गरिएको हो। अनुगमनका क्रममा बिल/विजक जारी नगर्ने, खरिद(बिक्री खाता दुरुस्त नराख्ने तथा करसम्बन्धी मापदण्ड पालना नगर्ने १९ वटा फर्मलाई १ लाख ९२ हजार रुपैयाँ जरिवाना गरिएको छ।

लेबल नगरिएका, रि(प्याकेजिङ गरिएका तथा म्याद गुज्रिएका सामग्री बिक्री गर्ने पाँचवटा फर्मलाई ७५ हजार रुपैयाँ जरिवाना गरिएको प्रशासनले जनाएको छ। अनुगमनका क्रममा दर्ता/नवीकरण नगरी सञ्चालनमा रहेका तीनवटा फार्मेसीसमेत सिल गरिएको छ। औषधि ऐन तथा सम्बन्धित मापदण्ड पालना नगरेको पाइएपछि ती फार्मेसीमा कारबाही गरिएको हो।

त्यसैगरी, विराटनगर-९ स्थित एक पसलमा ४५० किलो चिनी गोदाममा सुपारी भण्डारण गरिएको अवस्थामा फेला परेको थियो। उक्त सामग्री नियन्त्रणमा लिएर जिल्ला प्रहरी कार्यालय मोरङमार्फत आवश्यक कानुनी प्रक्रिया अघि बढाइएको छ।

अनुगमन टोलीले विराटनगर(६ स्थित सेन्ट्रल मलमा व्यवसाय सञ्चालन गरिरहेका दुई चिनियाँ नागरिकले समेत कानुनविपरीत गतिविधि गरेको फेला पारेपछि उनीहरूलाई प्रहरीमार्फत नियन्त्रणमा लिएर आवश्यक कारबाहीका लागि अध्यागमन विभाग, काठमाडौं पठाइएको जनाएको छ। प्रशासनले सबै व्यवसायीलाई फर्म दर्ता तथा नवीकरण अद्यावधिक राख्न, उपभोक्ता वस्तुको अनिवार्य मूल्यसूची टाँस्न, नापतौलका साधन प्रमाणित गराउन तथा अनिवार्य रूपमा बिल/विजक जारी गरी कारोबार गर्न निर्देशन दिएको छ। साथै, म्याद नाघेका तथा अखाद्य वस्तु बिक्री वितरण गर्ने र कृत्रिम अभाव सिर्जना गर्ने व्यवसायीमाथि प्रचलित कानुनबमोजिम कारबाही निरन्तर गरिने प्रशासनले जनाएको छ।

दैनिक राशिफल

ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगान : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि: ९८६७३१०८८२/९८१७००५१६५

आज मिति
२०८३ साल
असोज २४ गते
शनिबार
10 Oct. 2026
तिथि: औंसी

राशि	अक्षर	फल
मेष	चु चे लो ला लि लँ ले लो अ	मनमा धेरै कुरा खेल्ने। विश्वास बढी गर्नाले धोका।
वृष	इ उ ए ओ वा वि वु वे वो	साथीभाइबाट सहयोग। आफन्तजनमा भने मनमुटाव।
मिथुन	का कि कु घ ङ छ के को हा	सामाजिक मान बढ्ने। कुरा काट्ने पनि सक्रिय।
कर्कट	चु चे लो ला लि लँ ले लो अ	रोजगारको अवसर। विदैशिक यात्रा होला।
सिंह	मा मि मु मे मो टा टि टु टे	ब्यापार व्यवसायमा लाभ। धन सञ्चय नहुने।
कन्या	टो प पी पँ ष ण ठ पे पो	रोगव्याधीले सताउला। धन खर्च। मन खिन्न।
तुला	हि हु हे हो डा डि डु डे डो	स्वास्थ्य गडबड खानपिनमा बढी ध्यान दिनु होला।
वृश्चिक	तो ना नि नँ ने नो या यि यु	परिश्रम अनुसार फल प्राप्ती। मनमा उत्साह बढ्ने।
धनु	य यो भा भी भ धा फा ढ भे	पारिवारीक भेटघाट। स्वास्थ्यमा सुधार।
मकर	भो जा जी खि खू खे खो गा गी	आम्दानीका बाटाहरु खुल्ने। नयाँ सरसामान खरिद।
कुम्भ	गँ गे गो सा सी सँ से सो द	अध्ययनमा सफलता। परिश्रम भने बढी गर्नुपर्ला।
मीन	दि दु थ झ ञ दे दो चा ची	मान्यजनसँगको भेटघाट परिवारमा खुशीयाली।

मेयर थापाको बन्दै गरेको घरमा उपद्रो

दमक । दमक नगरपालिकाका मेयर रामकुमार थापाको बन्दै गरेको घरमा केही उच्छृंखल तथा गलत नियत बोकेका व्यक्तिहरूले उपद्रो गरेका छन् ।

जेनजी आन्दोलनमा ध्वस्त भएको घर भत्काएर केही शुभचिन्तकहरूको सहयोग तथा आफ्नो लगानीबाट निर्माण भईरहेको घर एक तलाको ढलान भई दोस्रो तलाको लागि इँटा जोडाई भईरहेको अवस्थामा बिहीबार राती ४/५ लाईन इँटा भत्काउनुका साथै प्लाष्टिकको कुर्सी समेत टुक्रा टुक्रा पारिएको छ । यस सन्दर्भमा मेयर थापासँग कुराकानी गर्दा 'नोक्सान ठूलो नभए पनि प्रवृत्ति र उच्छृंखल क्रियाकलापको भने भर्त्सना गर्दछु' भनेका छन् ।

अन्तर्राष्ट्रिय

मलेसियामा श्रमिकको ज्याला बढ्यो

एजेन्सी/ मलेसियामा कार्यरत श्रमिकका लागि खुशीको खबर छ । मलेसिया सरकारले श्रमिकहरूको न्यूनतम ज्याला मासिक १ हजार ७ सय रिङ्गेट अर्थात् ६४ हजार २ सय ७ नेपाली रूपैयाँबाट बढाएर २ हजार रिङ्गेट अर्थात् ७५ हजार ५ सय ३८ नेपाली रूपैयाँ पुऱ्याउने घोषणा गरेको छ । यो नियम सन् २०२७ को जुन महिनादेखि लागू हुने जनाइएको छ ।

प्रधानमन्त्री तथा अर्थमन्त्री अनवर इब्राहिमले सन् २०२७ को बजेट प्रस्तुत गर्दै बढ्दो जीवनयापन खर्च र श्रमिकको उत्पादकत्वबीचको अन्तरलाई सम्बोधन गर्न यो घोषणा गरिएको बताएका छन् । मलेसिया सरकारको यस कदमबाट ४० लाखभन्दा बढी श्रमिकहरु लाभान्वित हुने अपेक्षा गरिएको छ । यद्यपि, ५ करोड रिङ्गेटभन्दा कम वार्षिक कारोबार हुने साना तथा मझौला उद्योगहरूलाई व्यावसायिक सहजताका लागि यो नयाँ व्यवस्थाबाट छुट दिइएको छ ।

प्रधानमन्त्री इब्राहिमका अनुसार मलेसियाको कुल गार्हस्थ्य उत्पादन (जीडीपी) मा श्रमिकहरूको योगदानको हिस्सा ३३.९ प्रतिशत रहेको छ । यसले आर्थिक उत्पादन र श्रमिकले पाउने आम्दानीबीच ठूलो खाडल रहेको देखाउँ छ ।

न्यूनतम ज्याला वृद्धिका साथै सरकारले अर्ध(दक्ष श्रमिक र स्नातक उत्तीर्णहरूका लागि मासिक न्यूनतम २,५०० रिङ्गेटको नयाँ आम्दानी ढाँचा ल्याउने तयारी पनि गरेको जनाइएको छ ।

थुलुङ डेन्टलको शुभकामना आदानप्रदान कार्यक्रम

◆ ग्रामिण भेगका विपन्न लक्षित शिविर सञ्चालन ◆ आवश्यकताअनुसार विद्यालयमा पुस्तकालय ◆ दन्त उपचारका भ्रम र यथार्थ चिर्ने लक्ष्य

दमक । झापाको दमक–६, बेलडाँगी रोडस्थित थुलुङ डेन्टलले ७० वर्षमाथिका ज्येष्ठ नागरिक, विपन्न व्यक्ति, मिडियाकर्मी तथा विद्यार्थीलाई लक्षित गरी निःशुल्क दन्त परीक्षण सेवा उपलब्ध गराउने घोषणा गरेको छ । आउँदै गरेका चाडपर्वको अवसरमा आयोजित शुभकामना आदानप्रदान कार्यक्रममा दन्त विशेषज्ञ डा. सोफिया थुलुङले यस्तो जानकारी दिएकी हुन् ।

डेन्टलको सभाकक्षमा आयोजित कार्यक्रममा सञ्चारकर्मी तथा डेन्टल परिवारका सदस्य सहभागी थिए । कार्यक्रममा डा. थुलुङले दन्त उपचारसम्बन्धी भ्रम हटाउँदै सही जानकारीका आधारमा उपचार गराउनुपर्नेमा जोड दिइन् । आकर्षक विज्ञापन र अरूको अनुभवका आधारमा उपचार छनोट गर्नुभन्दा योग्य चिकित्सकसँग परामर्श लिएर आफ्नो दाँतको अवस्थाअनुसार उपचार गर्नुपर्ने उनले बताइन् ।

दाँत दुख्दा उपचार खर्च र पीडाको डरले धेरैले चिकित्सक कहाँ जान ढिलाइ गर्ने गरेको उल्लेख गर्दै उनले समयमै परीक्षण गराउँदा समस्या जटिल हुनबाट जोगाउन सकिने बताइन् । रूट क्यानल उपचार पनि दाँतको अवस्था र संक्रमणको गम्भीरताअनुसार एक वा दुई पटकको भेटमा पूरा हुन सक्ने भए पनि कतिपय अवस्थामा थप समय लाग्ने उनले बताइन् ।

डा. थुलुङले आर्थिक अभावका कारण कोही पनि आवश्यक दन्त परीक्षणबाट वञ्चित हुन नपरोस् भन्ने उद्देश्यले निःशुल्क सेवाको घोषणा गरिएको बताइन् । निःशुल्क सेवामा समावेश उपचार तथा सेवा प्राप्त गर्ने मापदण्डबारे क्लिनिकमा सम्पर्क गरेर जानकारी लिन सकिने जनाइएको छ ।

उनका अनुसार थुलुङ डेन्टलमा दुई जना पूर्णकालीन दन्त चिकित्सकसहित करिब आधा दर्जन विशेषज्ञले सेवा दिँदै आएका छन् । क्लिनिकले सहरभन्दा गाउँका विद्यालयका विद्यार्थीलाई लक्षित गरी दन्त स्वास्थ्य शिविरसमेत सञ्चालन गर्दै आएको छ । ४० भन्दा बढी विद्यालयमा दन्त शिविर सञ्चालन भईसकेको छ । हरेक पालिकामा शिविर सञ्चालन गरिएका विद्यालयमध्ये एउटा छनोट गरी पुस्तकालय स्थापना गर्ने योजना रहेको र केही स्थानमा पुस्तकालय बनिरहेको जानकारी पनि गराईन ।

बुबाले दमकमा दन्त उपचार क्षेत्रमा पुऱ्याएको योगदान र त्यसको पहिचान जोगाउने प्रेरणाले आफूलाई सेवामा निरन्तर लाग्न उत्साहित गरेको डा. थुलुङले बताइन् । आमाको भावनालाई प्रेरणाका रुपमा लिँदै व्यावसायिक आम्दानीभन्दा सेवाभावलाई प्राथमिकता दिएको उनले बताइन् ।

८ हजार....यातायात, राजमार्ग, धार्मिक स्थल, आर्थिक कारोबार हुने केन्द्र तथा सीमानाकालाई प्राथमिकतामा राखेर सुरक्षा निगरानी बढाइएको प्रदेश प्रहरी प्रमुख डीआईजी शेखर खनालले जानकारी दिए ।

चाडपर्वमा यात्रा गर्ने क्रममा यात्रु ठगिने, सामान हराउने वा चोरी हुनेजस्ता समस्या रोक्न बसपार्क, बस स्टेण्ड, मुख्य राजमार्ग र सहायक मार्गका विभिन्न स्थानमा ७२ यात्रु सहायता कक्ष सञ्चालनमा ल्याइएको छ ।

आकस्मिक घटना भए तत्काल प्रहरी परिचालन गर्न ४५३ क्यूआरटी तयार राखिएको छ । सुरक्षा संवेदनशील तथा जोखिमयुक्त क्षेत्रमा आवश्यक हस्तक्षेपका लागि १५ स्ट्राइकिङ टोलीसमेत परिचालन गरिनेछ ।

राजमार्गमा सुरक्षित आवागमनका लागि २२ स्थानमा स्कर्टिङको व्यवस्था गरिएको छ । त्यसैगरी, प्रदेशभर ९८ मोबाइल गस्ती र २१५ पैदल गस्ती परिचालन गरिने प्रहरीले जनाएको छ । सवारी दुर्घटना न्यूनीकरण, ट्राफिक नियमको पालना, मादक पदार्थ सेवन गरी सवारी चलाउने कार्य नियन्त्रण तथा अवैध गतिविधि रोक्न ट्राफिक प्रहरीसहित १७९ स्थानमा संयुक्त जाँच गरिनेछ ।

मुख्य चोक, बजार र सार्वजनिक जमघट हुने क्षेत्रमा प्रहरीको उपस्थिति बढाउन ५०३ स्थानमा पिकेट राखिनेछ। चोरी तथा तस्करी नियन्त्रणका लागि सीमानाकाका ८३ स्थानमा विशेष निगरानीको व्यवस्था गरिएको छ ।

दसैंका बेला दर्शनार्थीको चाप बढ्ने मठमन्दिर, शक्तिपीठ तथा पर्यटकीय गन्तव्यको सुरक्षाका लागि ५० स्थानमा विशेष व्यवस्था मिलाइएको छ । बैंक तथा वित्तीय संस्था, सुनचाँदी पसल र आर्थिक कारोबार हुने केन्द्रमा पनि निगरानी बढाइएको प्रहरीले जनाएको छ । चाडपर्वमा बैंकबाट रकम झिक्ने, किनमेल गर्ने र घरमा नगद तथा गरगहना राख्ने क्रम बढ्ने भएकाले चोरी, लुटपाट तथा ठगीका घटना रोक्न प्रहरीले विशेष ध्यान दिएको छ ।

अदालतले....गरिदिएको थियो । '...अब प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा १३६ को व्यवस्था बमोजिम पहिलो पटक पदपूर्ति गर्दा कुल दरबन्दीलाई आधार मानी प्रतिशत निर्धारण गरी निवेदनमा उल्लिखित विज्ञापन नं. ७३ (क), ७३ (ख) र ७५ का बढुवा सूचनाहरुमा सोही बमोजिम पद संख्या समायोजन गरी बढुवाको प्रक्रिया अगाडि बढाउनु भनी विपक्षीहरूका नाममा संविधानको धारा १४४ बमोजिम परमादेशको आदेश जारी हुने ठहर्छ,' .अदालतको आदेशमा उल्लेख छ ।

यस आदेशले विज्ञापन नं. ७३ (क) लगायतका सूचना अन्तर्गत पद संख्या पुनरवलोकन तथा समायोजन नगरी बढुवा प्रक्रिया अगाडि नबढाउन कानुनी रोक लगाएको थियो ।

तर, अदालतले बदर गरिसकेको सोही विज्ञापन नं. ७३ (क) (७६) /२०८१-०८२ - प्रदेश स्वास्थ्य सेवा/नर्सिङ समूह, जनरल नर्सिङ उपसमूह, अधिकृतस्तर सातौँ) मा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेशस्थित बढुवा समितिको सचिवालयले बढुवा सिफारिस गरेको छ ।

बढुवा समितिको मिति २०८३ असोज २० गतेको निर्णय अनुसार भन्दै सचिवालयले मिति २०८३ असोज २१ मा सूचना जारी गरी रोनी ठाकुरलाई ज्येष्ठता र कार्यसम्पादन मूल्यांकनका आधारमा बढुवाका लागि सिफारिस गरेको हो ।

प्रमुख....त्यस्तै, लिखित परीक्षामा अनुत्तीर्ण भएका व्यक्तिलाई परीक्षाफल संशोधनको अभिलेख तयार गरी उत्तीर्ण भएको देखाइएको र प्रयोगात्मक परीक्षामा सहभागी भएको जस्तो देखिने कागजात बनाइएको अनुसन्धानबाट खुलेको आयोगको आरोप छ । यसरी तीन जनालाई जे-१ वर्ग र चार जनालाई जे-२ वर्गको सवारी चालक अनुमतिपत्र जारी गरिएको जनाइएको छ ।

यसैगरी, लिखित परीक्षामा सहभागी नै नभएका पाँच जनालाई प्रयोगात्मक परीक्षामा सहभागी भएको झुट्टा अभिलेख तयार गरी जे-१ वर्गको अनुमतिपत्र जारी गरिएको आयोगले जनाएको छ ।

जनजागरण....विभिन्न तहका अधिवेशनहरु आयोजना गर्ने विषयलाई पनि मुख्य एजेन्डा बनाइएको छ ।

यस्तै, केन्द्रीय कार्यसमिति र केन्द्रीय सचिवालय गठन तथा तिनका बैठक सञ्चालन, नेता(कार्यकर्ताको कार्यविभाजन र विविध समसामयिक विषयमा समेत छलफल गरेर पार्टीको आगामी रणनीति तय गरिने प्रवक्ता ज्वालाले बताए ।

२१ करोड आइरन चक्की खरिदमा प्रश्नैप्रश्न, मूल्यदेखि म्यादसम्म छानबिनको माग

११ करोड अतिरिक्त खर्च र सात करोड चक्की खेर गएको आरोप, अख्तियारको अनुसन्धानबारे चासो

दमक । गर्भवती महिला तथा किशोरीलाई वितरण गरिने आइरन चक्की खरिदमा मूल्य, परिमाण र म्याद व्यवस्थापनमाथि गम्भीर प्रश्न उठेको छ । आर्थिक वर्ष २०७९/८० मा स्वास्थ्य सेवा विभागले २१ करोड ३५ लाख चक्की खरिद गर्दा १८ करोड ७० लाख ५० हजार रूपैयाँ खर्च गरेको महालेखापरीक्षकको प्रतिवेदनमा उल्लेख छ । तर, त्यही अवधिमा ३४० स्वास्थ्य संस्थामा आइरन चक्कीको मौज्दात शून्य रहेको पाइएको थियो ।

खरिद प्रक्रियामा अनियमितता भएको आरोपसहित अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा उजुरी परेको विषय अहिले पुनः चर्चामा आएको छ । उजुरीकर्ताले बजारमा प्रतिगोटा ४०(५० पैसामा उपलब्ध हुन सक्ने चक्की ८७(९० पैसाका दरले खरिद गरिएको दाबी गर्दै करिब ११ करोड रूपैयाँ अतिरिक्त आर्थिक भार परेको आरोप लगाएका छन् । यद्यपि, यो दाबी स्वतन्त्र छानबिनबाट पुष्टि भएको तथ्य होइन ।

उजुरीमा करिब १४ करोड चक्की आवश्यक पर्ने अवस्थामा २१ करोड ५० लाख चक्की खरिद गरिएको र करिब सात करोड चक्की म्याद गुज्रिएर खेर गएको आरोपसमेत छ । यसबाट करिब छ करोड रूपैयाँ बराबरको क्षति भएको दाबी गरिएको छ । खरिदको वास्तविक आवश्यकता, वितरण विवरण र म्याद गुज्रिएको परिमाणबारे आधिकारिक तथ्य सार्वजनिक हुनु आवश्यक देखिन्छ ।

मूल्यको तुलनामा पनि प्रश्न उठेको छ । आर्थिक वर्ष २०८१/८२ मा स्वास्थ्य सेवा विभागले आइरन-फोलिक एसिड चक्कीको प्रतिट्याब्लेट ९३ पैसा लागत अनुमान राखेर खरिद प्रक्रिया अघि बढाएको थियो । सुदूरपश्चिम प्रदेशमा अन्य औषधिसहितको प्याकेजमा आइरन-फोलिक एसिड ५५ पैसामा खरिद भएको विवरण सार्वजनिक भएपछि विभागले प्रक्रिया रद्द गरेको थियो । प्याकेज खरिद र छुट्टै खरिदको लागत प्रत्यक्ष तुलना गर्दा भने अन्य औषधिको मूल्यसमेत हेर्नुपर्ने हुन्छ ।

स्थानीय तहको आवश्यकता र बजेटसँग जोडिएको औषधि संघबाटै खरिद गर्ने निर्णयको आधार, मूल्य निर्धारण, आपूर्तिकर्ता छनोट र म्याद व्यवस्थापनबारे स्पष्ट जवाफ आवश्यक छ । पुरानो खरिद प्रकरणमा परेको उजुरीमाथि अख्तियारको अनुसन्धान कहाँ पुगेको छ भन्ने विवरणसमेत सार्वजनिक हुनुपर्ने माग उठेको छ ।

निःशुल्क वितरणका लागि खरिद गरिएको औषधि एकातिर खेर जाने र अर्कोतिर स्वास्थ्य संस्थामा अभाव हुने अवस्था देखिनुले खरिद मात्र होइन, वितरण प्रणालीमाथि पनि प्रश्न उठाएको छ । आरोपको सत्यता छानबिनबाट टुंग्याउँदै जिम्मेवार निकायले तथ्य र प्रमाणसहित जवाफ दिनुपर्ने आवाज उठिरहेको छ ।

डोको...गर्न तथा घाँस, दाउरा र घरायसी सामान बोक्न डोको प्रयोग हुने गरेको छ । स्थानीयस्तरमा सहजै पाइने बाँसको उपयोग गरी तयार गरिने यस्ता सामग्री वातावरणमैत्री हुनुका साथै स्थानीय सीप र स्रोतसाधनको उपयोगको उदाहरण बनेको छ ।

नयाँ पुस्ताले सीप सिकेर व्यावसायिक रूपमा अघि बढ्न सके यसलाई आम्दानीको महत्वपूर्ण स्रोत बनाउन सकिने उनको भनाइ छ । पुस्तौँदेखि हस्तान्तरण हुँदै आएको डोका बुन्ने सीप पछिल्लो पुस्तामा हस्तान्तरण हुन नसक्दा हराउँदै जाने अवस्था रहेकाले आफूले जानेको सीपलाई निरन्तरता दिएको उनले बताए ।

यातायात भाडा समायोजनको माग

खोटाङ/ नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घ खोटाङले जिल्लामा सञ्चालन हुने यातायातका सवारीसाधनको भाडादर समायोजन गर्न माग गर्दै ज्ञापनपत्र बुझाएको छ । यातायात व्यवसायी राष्ट्रिय महासंघले खोटाङका प्रमुख जिल्ला अधिकारी महेशकुमार गुरुङमार्फत कोशी प्रदेश सरकार, आन्तरिक मामिला तथा कानुन मन्त्रालय विराटनगरमा ज्ञापनपत्र पठाएको हो । कोशी प्रदेश सरकारको निर्णयअनुसार यही असोज १९ गते प्रमुख जिल्ला अधिकारी गुरुङको अध्यक्षतामा बसेको सर्वदलीय तथा सर्वपक्षीय बैठकबाट जिल्लाका पक्की तथा कच्ची ग्रामीण सडकमा सञ्चालन हुने सवारीसाधनको भाडादर प्रतिशतका आधारमा निर्धारण गरी सिफारिस गरेको थियो ।

सर्वपक्षीय बैठकले गरेको निर्णयमा असहमति जनाउँदै महासङ्घले जिल्ला प्रशासन कार्यालयमार्फत प्रदेश सरकारलाई ज्ञापनपत्र पठाउँदै यात्रु र यातायात व्यवसायी दुवैको हितलाई ध्यानमा राखेर भाडादर निर्धारण गर्न माग गरेको हो ।

पेट्रोलियम पदार्थको मूल्य वृद्धि, सवारी मजदुरको तलबभत्ता, सवारीसाधनमा प्रयोग हुने पार्टपुर्जाको मूल्य, मिस्त्री ज्याला तथा सञ्चालन खर्च बढेको भन्दै भाडादर पुनः समायोजन गर्न माग गरिएको महासंघका अध्यक्ष रामकुमार हिङमाङले जानकारी दिए ।

किराँत राई यायोक्खाको राष्ट्रिय महाधिवेशन

दमक/ किरात राई यायोक्खाको राष्ट्रिय महाधिवेशन मोरङको विराटनगरमा हुँदैछ । सो अवसरमा शुक्रबार विराटनगरमा निकालिएको ऱ्यालीमा सहभागी पहिचानवादीहरूले कोशी प्रदेशको नाम खारेज गर्न माग गर्दै नाराबाजी गरेका छन् ।

विराटनगरको रोडशेष चोकबाट निकालिएको ऱ्यालीमा किरात राई समुदायका मानिसहरु जातीय पहिरनमा सहभागी भएका थिए । ऱ्यालीका सहभागीले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयअगाडि करिब १५ मिनेट प्रदर्शन गरेका थिए ।

प्रदर्शनका क्रममा उनीहरूले 'कोशी प्रदेश खारेज गर', 'पहिचानको आधारमा कोशीको नामकरण गर' र 'पहिचान विरोधी होसियार' लगायतका नारा लगाएका थिए। उनीहरूले पहिचानका आधारमा प्रदेशको नामकरण हुनुपर्ने मागसहित विभिन्न प्लेकार्डसमेत प्रदर्शन गरेका थिए । रोडशेष चोकबाट सुरु भएको ऱ्याली मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयअगाडि प्रदर्शन गरेपछि वीरेन्द्र सभागृह पुगेका नेता तथा कार्यकर्ता किरात राई यायोक्खाको राष्ट्रिय महाधिवेशनको उद्घाटन सत्रमा सहभागी भएका थिए ।

खाद्य स्वच्छता र गुणस्तरमा ध्यान दिऔं

- **खाद्य पदार्थ खरिद गर्नुअघि उत्पादन, उपभोग्य मिति र लेबल अनिवार्य रूपमा जाँच गरौं,**
- **म्याद नाघेका, सडेगलेका वा गुणस्तरहीन खाद्य पदार्थ उपभोग नगरौं,**
- **प्याकेजिङ च्यातिएको, फुलेको वा क्षतिग्रस्त अवस्थामा रहेको खाद्य पदार्थ खरिद/ बिक्री नगरौं,**
- **शंकास्पद वा मिसावटयुक्त खाद्य पदार्थको प्रयोगबाट बचौं,**
- **मिठाई, मासु, दूधजन्य तथा छिट्टै बिग्रने खाद्य पदार्थको भण्डारणमा विशेष ध्यान दिऔं,**
- **स्वच्छ तथा सफा पानीको प्रयोग गरौं,**
- **गुणस्तरहीन वा म्याद नाघेका खाद्य पदार्थ बिक्री / वितरण भएको पाइएमा सम्बन्धित निकायलाई जानकारी गराऔं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

उर्लाबारी नगरपालिकाको साधियाँरको नाममा ७ दिने सूचना

उर्लाबारी नगरपालिका वडा नं. ०९बस्ने पुष्पा मगरको नाममा दर्ता कायम रहेको राजघाट-८/ग को कि.नं. ४४३ ज.वि. ०-१-०-० मा नयाँ घर निर्माणका लागि यस नगरपालिकामा निवेदन दर्ता भएको र सो निवेदन अनुसार सँधियारको नाममा १५ दिने सुचना जारि गरि१६ दिनपछि यस कार्यालयबाट सर्जमिन मुचुल्का तयार पार्दा दक्षिण तर्फ सँधियार तुलसी पालुङवा उपस्थित नहुनु भएको हुदा उहाँलाई उक्त स्थानमा घर निर्माण गर्दा कुनै विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्रमा यस कार्यालयमा उपस्थित हुन यो सूचनामार्फत जानकारी गराइन्छ । अन्यथा निजको नाममा नियमअनुसार सिफारिस भइ जाने व्यहोरा जानकारी गराइन्छ ।

◆ प्रधान सम्पादक/प्रकाशक: गञ्जबहादुर दाहाल, ◆ कार्यकारी सम्पादक: खगेन्द्र कार्की ◆ सहसम्पादक: विमल लामिछाने ◆ बजार व्यवस्थापक: केशव खनाल ◆ लेआउट: सुरेन बस्नेत
कार्यालय: दमक-५, झापा, फोन: ०२३-५७०२७२,
मुद्रण: ज्योति अफसेट प्रेस,
E-mail:purbasandesh@yahoo.com